# गाउँसभाको बैठकमा गाउँपालिका अध्यक्ष श्री ज्ञान कुमार श्रेष्ठद्वारा प्रस्तुत आर्थिक वर्ष २०७९/८० को खाँडादेवी गाउँपालिकाको नीति तथा कार्यक्रम

**खाँडादेवी गाउँकार्यपालिकाको कार्यालय**

माकादुम, रामेछाप

बागमती प्रदेश

२०७९/०३/१०

## आदरणीय गाउँसभा सदस्यज्यूहरु,

१. नेपालको राष्ट्रिय हित, आर्थिक, सामाजिक न्याय सहितको लोकतन्त्रिक मूल्य र मान्यतामा आधारित समाजवादप्रति प्रतिबद्ध रहँदै समुन्नत सङ्घीय शासन प्रणालीको माध्यमबाट **"सुन्दर, सभ्य र समृद्ध खाँडादेवी"** निर्माण गर्ने उद्देश्यका साथ खाँडादेवी गाउँपालिकाको आर्थिक वर्ष २०७९/८० को नीति तथा कार्यक्रम यस गरिमामय सभामा प्रस्तुत गर्न पाउदा मलाई खुशी लागेको छ। यस घडीमा नेपाली जनताले मुलुकको स्वतन्त्रता, सार्वभौमिकता, भौगोलिक अखण्डता स्वाधिनता, स्वाभिमान, राष्ट्रहित लोकतन्त्र र अग्रगामी परिवर्तनको लागि पटक-पटक गरेका ऐतिहासिक जनआन्दोलन तथा सबै खालका बलिदानीपूर्ण संघर्षको स्मरण गर्दै ज्ञात अज्ञात शहिदहरु प्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दै बेपत्ता, घाइते र पीडित नागरिकहरुप्रति उच्च सम्मान व्यक्त गर्दछु।

२. लोकतन्त्र र सङ्घीयताको आधारशीलाको रुपमा रहेको स्थानीय तहको निर्वाचन निष्पक्ष र शान्तिपूर्ण रुपमा सम्पन्न गर्न अहोरात्र खटिनु भएका राष्ट्र सेवक कर्मचारी, राजनीतिक दल, आम मतदाता लगायत सबैमा हार्दिक धन्यवाद दिन चाँहन्छु साथै निर्वाचित सम्पूर्ण जनप्रतिनिधिहरुमा हार्दिक बधाई एवम् सफल कार्यकालको शुभकामना व्यक्त गर्दछु।

३. कोभिड-१९ को रोकथाम, नियन्त्रण तथा उपचार, प्राकृतिक प्रकोपको प्रभाव न्यूनीकरण र खोजी, उद्धार तथा राहत वितरण कार्यमा आर्थिक, प्राविधिक एवम् व्यवस्थापकीय सहयोग पुऱ्याउने नेपाल सरकार, प्रदेश सरकार, नीजि क्षेत्र, राष्ट्रिय तथा अन्तराष्ट्रिय गैरसरकारी संघसंस्था, विकास साझेदार निकाय, जनप्रतिनिधि, सम्पूर्ण राष्ट्र सेवक कर्मचारी, स्थानीय नागरिक, स्वयंसेवक लगायत विपदको समयमा अहोरात्र खटिई अग्रपंक्तिमा रही सेवा गर्नुहुने सबै प्रति हार्दिक आभार व्यक्त गर्दछु।

४. नेपालको संविधान, संघ, प्रदेश र खाँडादेवी गाउँपालिकाको आवधिक योजनाले परिलक्षित गरेको विषयहरु, दिगो विकासको लक्ष्य, प्रदेश सरकारको न्यूनतम साझा कार्यक्रम, राजनीतिक दलहरुको चुनावी घोषणापत्र, सम्माननीय राष्ट्रपतिबाट २०७९ जेठ १० मा सङ्घीय संसदमा प्रस्तुत सङ्घीय सरकारको नीति तथा कार्यक्रम, बागमती प्रदेश सरकारको नीति तथा कार्यक्रम, राजनीतिक दल र अन्य सरोकारवालाहरुबाट प्राप्त सुझावहरु समेतको आधारमा खाँडादेवी गाउँकार्यपालिकाले यो नीति तथा कार्यक्रम तर्जुमा गरिएको छ ।

**५. आ.ब. २०७८/७९ को समिक्षा**

पूर्वधार विकास तर्फ

कालोपत्रे सडक-२३.४०, नयाँ ट्रायाक-५.५ कि.मि., सुलिथुम्का भ्यूटावर निर्माण सम्पन्न, १५ वेड हस्पिटर निर्मानाधिन अवस्थामा, डयाङ्र सम्तेलीन गुम्बा -निर्माणाधिन, आई.टि.एफ. भवन गाल्वा निर्माण सम्पन्न, भिरपानी र गागलभदौरेमा स्वास्थ्य चौकी भवन निर्माण कार्य सम्पन्न/इलाका प्रहरी कार्यलय निर्माणाधिन अवस्थामा, गोपीखोला पिपलटर खानेपानी योजना निर्माण सम्पन्न, गागलभदौरे लिफ्ट खानेपानी योजना र राकाथुम लिफ्ट खानेपानी योजना निर्माणाधिन/घ्यासिङ्ग डाँडामा शिव र बुद्ध पार्क निर्माण सम्पन/मदन भण्डारी पार्क सल्लेनी

निर्माणाधिन/थान्सिङ घट्टेखोला र बसेरी खोला झोलङ्गे पुल निर्माणधिन, शिकारी डाँडा-गोगनपानी- गाल्वा सडक /गोगनपानी-धारापानी-धुलेवेसी-गागलसडक कालोपत्रे गर्ने कार्य निर्माणाधिन अवस्थामा रहेको ।

**स्वास्थ्य तर्फ**

कोभिड-१९ विरुद्धको खोप अभियान संचालन, टाईफाईड विरुद्धको खोप अभियान संचालन, गर्भवतीको घुम्ती भिडियो एक्सरे सेवा प्रदान, खाँडादेवी अस्पताल संचालन, कोभिड-१९ को लागि आइसोलेसन सेन्टर संचालन, स्वास्थ्य चौकी भवन निर्माण, आँखा, स्त्री रोग, जनरल, परिवारनियोजनको सेटलाईट शिविर संचालन, स्वस्थ बच्चा प्रतियोगिता संचालन र जनशक्ति व्यवस्थापन भएको ।

**शिक्षा तर्फ**

विद्यार्थी सत्यापनका आधारमा यथार्थ विवरण संकलन, माध्यमिक विद्यालयमा आत्मा रक्षा तालिम संचालन, स्काउट सम्बन्धी BTC र PTC तालिम संचालन, आइ.सि.टि. तालिम, पालिका स्तरीय प्र.अ., वि.व्य.स. र जनप्रतिनिधिहरु बीच शैक्षिक सवालमा अन्तरक्रिया तथा छलफल, सरकारी तथा गैर सरकारी संघ संस्थाहरुसँग समन्वय सहकार्य र लागत साझेदारीको कार्यक्रम संचालन, स्रोत केन्द्र स्तरीय कक्षा ५ को स्रोत केन्द्र स्तरीय र कक्षा ८ को पालिका स्तरीय परिक्षा परिक्षा केन्द्र निधारर्ण गरी संचालन प्रतिभा पहिचान, बाल कक्षाको लागि मन्टेश्वरी तालिम संचालन, स्रोत केन्द्र स्तरीय शैक्षिक कार्यक्रम संचालन, चौथो राष्ट्रपति रनिङशिल्ड प्रतियोगिता संचालन, कक्षा १ र ३ को एकिकृत पाठ्यक्रम सम्बन्धी अभिमुखिकरण कार्यक्रम संचालन, बहुकक्षा बहुस्तर (MGML) कार्यक्रम प्रारम्भ भएको छ ।

**पञ्जिकरण तर्फ**

नौ वटै वडाहरुमा अनलाईन व्यक्तिगत घटना दर्ता प्रणाली कार्यन्वयन, घटना दर्ता शिविर सम्पन्न, १ देखि ९ नं. वडाहरुको हालसम्म सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने ३१७५ जना लाभग्राहीको विवरण MIS प्रणालीमा प्रविष्ट, सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने सम्मपूर्ण लाभग्राहीहरुको बैंक खाता खोल्ने कार्य सम्पन्न भई बैंक मार्फत भत्ता वितरण र सामाजिक सुरक्षा भत्ता तथा व्यक्तिगत घटना दर्ता सम्बन्धी वडा कार्यलयका जनप्रतिनिधि र कर्मचारीहरुलाई क्षमता विकास अभिमुखिकरण कार्यक्रम सम्पन्न गरिएको ।

**गरिवी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम, मेडपा तर्फ**

७५ जना नयाँ लघु उद्यमी सृजना, ५० जना लघु उद्यमीको स्तरोन्ती, ५ वटा लघु उद्यमी समुहलाई प्रविधि हस्तान्तरण मार्फत गरिवी न्यूनीकरण तथा उत्पादकन्त वृद्धि गरिएको छ ।

**प्रधानमन्त्री रोजगार कार्यक्रम तर्फ**

प्रधानमन्त्री रोजगार कार्यक्रम मार्फत सडक पूर्वधार, खानेपानी, सिंचाई, सार्वजनिक पूर्वधार निर्माण, वन तथा वातावरण, नदि नियन्त्रण, पर्यटन पूर्वाधार निर्माण आदि योजनाहरुमा सुचीकृत बेरोजगारलाई २३००० (तेईस हजार) दिनसंख्या बराबरको निर्वाहमुखी रोजगारी प्रदान गरी रोजगारी तथा श्रम सम्बन्धी मौलिक हकको कार्यान्वयनलाई विशेष प्राथमिकताका साथ संचालन गरिएको छ ।

**राजस्व तर्फ**

यस आ.व २०७८/७९ को श्रावण देखि जेठ महिना सम्म मा कुल आन्तरिक राजश्व जम्मा रु ४८,०५,०६५.४० (अक्षेरुपी अट्तालिस लाख पाँच हजार पैसठी रुपैंया चालिस पैसा जम्मा भएको। अनलाइन प्रणाली मार्फत राजश्व संकलन गर्ने कार्य गरिएको ।विगतमा दर्ता नभएका व्यवसायीहरु यस आ.व मा आफ्नो व्यवसाय दर्ता गर्न आएको र नवीकरण नभएका कतिपय व्यवसायहरु पनि करको दायरा भित्र आएका ।गाउँपालिकाद्वारा सेवा प्रवाहका हिसाबले संचालित एम्बुलेन्स, जेसिवि, खानेपानी टंयाकर लगायतबाट पालिकाको आम्दानी श्रोत बढेको । केही नयाँ आयशीर्षक पहिचान गरिएको तथा करको दायरा अघिल्लो आ.व को तुलनामा केही मात्रामा फराकिलो भएको ।गाउँपालिकाद्वारा स्वीकृत आर्थिक ऐन बमोजिम तोकेको दररेटमा नै सम्पूर्ण कर मूल्य लागू गरेर समयमा नै यस गाउँपालिकाको आन्तरिक राजस्व खाता लक्ष्मी बैंकमा दाखिला गरेको ।

**उद्योग तर्फ**

उद्योग शाखाबाट हालसम्म ३७८ व्यवसाय तथा उद्यम दर्ता प्रमाण पत्र जारी गरिएको छ । जसमध्ये यस आ.बा.मा ८३ नयाँ व्यवसाय दर्ता थप भएको छ भने हाल सम्म संगठित व्यवसाय रोजगारी तर्फ १०८० जनाले रोजगारी पाएका छन् जस्मा पुरुषको संख्या ५८८ र महिलाको संख्या ४९२ रहेको छ ।

**महिला तथा बालबालिका तर्फ**

७२ जना अपाङ्गहरुलाई परिचय पत्र वितरण, खाडाँदेवी गा.पा. का ९ वटै वडाका महिला सहकारीहरुसँग सहकारीको प्रगति विवरण र लैङ्गिक हिंसा विरुद्ध १६ दिने अभियान अन्तर्गत छलफल तथा अन्तर्क्रिया कार्यक्रम सम्पन्न, पालिका स्तरिय ११२ औ अन्तराष्ट्रिय महिला दिवस कार्यक्रम सम्पन्न, आमा बाबु विहिन बालबालिकालाई प्रथम चौमासिक भत्ता वितरण, बालमैत्री स्थानिय तह घोषणा गर्ने उद्देश्य अनुरुप वडास्तरिय अन्तर्क्रिया कार्यक्रम सम्पन्न र महिला बालबालिका अपाङ्ग र जेष्ठ नागरिकहरुको तथ्याङ्क संकलन गरिएको ।

**न्यायिक समिति तर्फ**

खाँडादेवी गाउँपालिका न्यायिक समितिमा दर्ता विवाद संख्या २१, फछ्यौट विवाद संख्या १६, प्रक्रियामा रहेको विवाद सख्या ५ रहेको छ । खाँडादेवी गाउँपालिका अन्तर्गत संञ्चालन भएका सबै वडा कार्यालयहरुमा सामूदायिक मेलमिलाप केन्द्रमा दर्ता विवाद संख्या ३७, फछ्यौट विवाद संख्या २६ र प्रक्रिया मा रहेको विवाद संख्या ११ रहेको छ । त्यसै गरी खाँडादेवी गाउँपालिका भरी जम्मा विवाद दर्ता संख्या ५८, फछ्यौट विवाद संख्या ४२ र प्रक्रियामा रहेको विवाद संख्या १६ रहेको छ । जस अनुसार ७१.४१ प्रतिशत जनताको गुनासो सुनुवाई भएको छ

**कृषि तथा पशुपक्षी तर्फ**

पकेट विस्तारः मकै, कागती, मौरी, तरकारी, बाख्रा निरन्तरता सम्पन्न,आकेशे पानी टयाङ्की संकलन १६ कृषकलाई वितरण,गोठ/खोर/भकारो सूधार कार्यक्रम ४०६ जनालाई वितरण, १ दिने घुम्ती तालिम सञ्चालन, सुन्तलाजात फलफूलहरुमा लाग्ने औसा किरा नियन्त्रण कार्यक्रम

सम्पन्न, निशुल्क पशु स्वास्थ्य शिविर/माटो परिक्षण शिविर सञ्चालन, ५०% सिजनल तरकारी बिउ बितरण/ बिषादि वितरण, निशुल्क रेविज भ्याक्सिन, खोरेत, पि.पि.आर सञ्चालन ।

<u>सुचना तथा सञ्चार</u>

सम्पूर्ण सामुदायिक विद्यालयहरु, स्वास्थ्य चौकीहरु र वडा कार्यालहरुमा अप्टिकल फाईवर मार्फत २० एम.वि.पि.एस.को ब्रोड व्याड इन्टरनेट सेवा जडान भएर निशुल्क दुई वर्ष सम्म सेवा प्रदान गरेको छ यसरी निशुल्क सवै सामुदायिक संस्थाहरुमा इन्टरनेट प्रदान गर्ने नेपालकै पहिलो स्थानीय तह भएको छ ।

**आदरणीय गाउँसभा सदस्यज्यूहरु,**

<u>सामाजिक विकास सम्बन्धी नीति</u>

**स्वास्थ्य, शिक्षा, महिला, बालबालिका, युवा, सामाजिक सुरक्षा तथा संरक्षण सम्बन्धी**

६. कोभिड-१९ र अन्य महामारीजन्य रोगको प्रकोपलाई नियन्त्रण र रोकथामको लागि आईसोलेसन साथै औषधीजन्य सामग्रीहरुको समुचित व्यवस्था मिलाइनेछ ।सम्पूर्ण नागरिकलाई कोभिड-१९ को खोप पूर्ण मात्रा लगाउने व्यवस्था मिलाइनेछ । कोभिड-१९ लगायतका अन्य महामारीजन्य विपद् तथा प्रकोप रोकथाम नियन्त्रणमा खटिएका जनशक्तिको लागि कार्यविधि बनाई प्रोत्साहन तथा जोखिम भत्ताको व्यवस्था गरिनेछ ।

७. गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्नका लागि भौतिक पूर्वाधार तथा आवश्यक औषधी, औजार, उपकरण, स्वास्थ्यकर्मीलाई तालिम र रेफरल फण्डको व्यवस्था गरिनेछ ।

८. स्वास्थ्य संस्थामा सुरक्षित प्रसुति सेवालाई गुणस्तरीय र शतप्रतिशत संस्थागत सुत्केरी गराउनका लागि गर्भवतीलाई गर्भवती जाँच, पौष्टिक आहारका लागि प्रोत्साहन भत्ताको व्यवस्था तथा संस्थागत प्रसुति हुनेलाई निःशुल्क एम्बुलेन्सको व्यवस्थालाई निरन्तरता दिईनेछ ।

९. महिला स्वास्थ्य स्वयं सेविकाहरुलाई आफ्नो जिम्मेवारीप्रति उत्तरदायी र जवाफदेही बनाइनेछ। आफ्नो कार्य क्षेत्रको स्वास्थ्य सम्बन्धी जनचेतना तथ सरसफाईको जिम्मेवारी समेत प्रदान गरिनेछ ।साथै समय सापेक्ष क्षमता विकासको प्रबन्ध गरिनेछ।

१०.परिवार नियोजनको साधनहरुको प्रयोग नागरिकको पहँचसँग पुऱ्याउन जनचेतनामूलक र सहयोग कार्यक्रमहरु संचालन गरिनेछ।

११.हरेक नागरिकलाई गुणस्तरीय स्वास्थ्य सेवाको पहुँच स्थापित गर्न संविधानले दिएको हक अनुसार सेवा उपलब्ध गराउने नीतिगत व्यवस्था गरिनेछ ।

१२. गाउँपालिकाभित्र रहेका सबै स्वास्थ्य संस्थाबाट तोकिए बमोजिमको निशुल्क स्वास्थ्य सेवाहरु प्रदान गर्ने दीर्घकालीन नीति लिई गुणस्तरीय सेवा प्रवाहको सुनिश्चितता गरिनेछ ।

१३. स्वास्थ्य बिमा कार्यक्रमलाई थप विस्तार गरिनेछ तथा पालिकाभित्रका अति विपन्न परिवार र कोही नभएका तथा केही नभएका व्यक्तिलाई प्रथम पटकको बिमा शुल्क बापतको रकम गाउँपालिकाबाट अनुदान स्वरुप प्रदान गरिनेछ ।

१४. स्वास्थ्य बिमा कार्यक्रमलाई सर्वसुलभ र प्रभावकारी बनाउन गाउँपालिकास्तरीय अस्पताल संचालन गरी सो अस्पताल मार्फत बिमा सेवा समेत संचालन गरिनेछ ।

१५. "स्वास्थ्य जीवनशैली प्रवर्द्धन, खाँडादेवी गाउँपालिकाको अभियान मार्फत स्वास्थ्य सेवालाई थप विस्तृतिकरण गर्दै आयुर्वेदिक, प्राकृतिक चिकित्सा, योग तथा ध्यानको माध्यमबाट मानिसलाई दीर्घ जीवनको लागि प्रेरित गरिनेछ ।
१६. सर्वव्यापी पहुँचको अवधारणा अनुरुप प्रवर्द्धनात्मक, प्रतिकारात्मक, उपचारात्मक, पुनः स्थापनात्मक तथा प्रशामक सेवालाई एकिकृत गरी आधारभूत सेवा उपलब्ध गराईनेछ ।
१७. समुदायमा सर्वसुलभ स्वास्थ्य सेवा प्रदान गर्नका लागि भौगोलिक विकटता भएका स्थानहरुमा सामुदायिक स्वास्थ्य ईकाई र आधारभूत स्वास्थ्य सेवा केन्द्र स्थापना गरी संचालन भईरहेकोमा सो सेवालाई विस्तार गरिनेछ ।साथै संचालित आधारभूत स्वास्थ्य सेवा केन्द्रलाई स्वास्थ्य चौकीमा तथा स्वास्थ्य चौकीलाई प्राथमिक स्वास्थ्य केन्द्रमा स्तरवृद्धि गरिनेछ ।गाउँघर क्लिनिकको सेवालाई थप प्रभावकारी बनाईनेछ।
१८. गर्भवतीलाई निःशुल्क भिडियो एक्सरे सेवा, महिलामा पाठेघरको मुखको क्यान्सरको निःशुल्क परीक्षण तथा भिआईए पोजेटिभ महिलालाई निःशुल्क क्रायोथेरापी तथा क्षयरोगको माईक्रोस्कोपिक परीक्षण आवश्यकता अनुसार वस्तीवस्तीमा गई गरिनेछ ।
१९. आकस्मिक स्वास्थ्य सेवालाई प्रभावकारी बनाउन आवश्यक एम्बुलेन्सको व्यवस्था गरिनेछ। साथै माग तथा आवश्यकताको आधारमा शववाहन सेवा सञ्चालन गरिनेछ ।
२०. आधारभूत स्वास्थ्य सेवालाई सर्वसुलभ र गुणस्तरीय बनाउन स्वास्थ्य संस्थामा औषधी, उपकरण र जनशक्तिको नियमित र प्रभावकारी व्यवस्था मिलाईनेछ ।
२१. शशर्त अनुदानबाट स्वास्थ्य क्षेत्रका कार्यक्रमहरु कार्यतालिका बनाई कार्यान्वयन गरिनेछ ।
२२. गाउँपालिकाको हरेक वडामा विशेषज्ञ सहितको स्वास्थ्य शिविर सञ्चालन गरिनेछ।
२३. सार्वजानिक स्थलमा धुम्रपान र मदिरा सेवनलाई निषेध गरी मदिरा र सूर्तिजन्य पदार्थ मुक्त क्षेत्र कायम गरिनेछ ।
२४. पालिका तथा वडा स्तरीय पूर्ण सरसफाई अभियान सञ्चालन गरी सफा, सुन्दर र सभ्य खाँडादेवीको पहिचान दिने नीति अवलम्बन गरिनेछ ।
२५. बजार क्षेत्र, चोक तथा सार्वजानिक स्थलहरुमा स्थानीय संघसंस्थाको सहकार्यमा शौचालय निर्माण गरी सञ्चालन गरिनेछ ।
२६. पूर्णखोप र पूर्ण सरसफाईयुक्त गाउँपालिका सुनिश्चितता गरिनेछ ।
२७. हाल संचालनमा रहेको ग्रामीण आँखा केन्द्रको स्तरोन्नति गरी प्राथमिक आँखा उपचार केन्द्र स्थापना गरिनेछ।साथै स्वास्थ्यकर्मी सहितको डेन्टल सेवा समेत संचालन गरिनेछ ।
२८. सर्ने तथा नसर्ने रोग रोकथामका लागि सचेतनामूलक कार्यक्रम संचालन गरिनेछ ।
२९. मुटु, मृगौला जस्ता गम्भीर रोगीहरुलाई पालिकाले दिंदै आएको सहयोगलाई निरन्तरता दिईनेछ।
३०. स्वास्थ्य संस्थाहरुबाट निस्केको फोहोरको व्यवस्थापनका लागि डम्पिङ साईट तोकि सुरक्षित रुपमा बिसर्जन गरिनेछ ।
३१. स्वास्थ्य संस्थामा औषधी ओसारपसारका लागि मेडिकल ड्रोनको व्यवस्था गरिनेछ ।
३२. टेलिमेडिसिन/टेलिमेडिकल सेवा संचालनका संभाव्यता अध्ययन गरी संचालन गरिनेछ ।

३३. स्वास्थ्य चौकीहरुमा ल्याव तथा फार्मेसि आवश्यकताको आधारमा विस्तार गरिनेछ ।

३४. स्वास्थ्य संस्थाको रेकर्डिङ तथा रिपोर्टिङ अनलाईन गर्न आवश्यक तालिम तथा सामग्रीको व्यवस्थापन गरिनेछ।

३५. पालिकाभित्रका स्वास्थ्य संस्थाहरुको अभिलेख र प्रतिवेदन कार्यलाइ व्यवस्थित गर्न डिजिटल स्वास्थ्य सूचना प्रणाली लागू गरिनेछ ।

३६. आरोग्य केन्द्रमा कार्यरत कर्मचारी व्यवस्थापनको लागि उचित प्रबन्ध मिलाईनेछ।

३७. पालिकाको अस्पतालमा MBBS डाक्टरबाट सेवा दिने व्यवस्था मिलाईने छ । साथै विज्ञ डाक्टरबाट अनलाईन उपचार तथा परामर्श सेवा (video call, audio call, messenger etc.) दिने व्यवस्था मिलाइनेछ।

३८. गर्भवती महिला भएको घरधुरी लगत महिला स्वास्थ्य स्वयमसेविका मार्फत संकलन गरी घरमा निलो झण्डा राख्ने र पौष्टिक आहार र नियमित स्वास्थ्य परीक्षणको लागि रु. ५ हजार प्रोत्साहन भत्ता दिइनेछ र पालिकाको स्वास्थ्य संस्था वा रिफरलमा सुत्केरी गरेको प्रमाण पेश गरेपछि तत्काल १० हजारको पौष्टिक आहार प्रदान गरिनेछ । गर्भवती महिला सुत्केरी गराउन स्वास्थ्य संस्थामा लैजान पालिकाले निःशुल्क एम्बुलेन्स सेवा प्रदान गरिनेछ ।

**आदरणीय गाउँसभा सदस्यज्यूहरु,**

३९. सबै पालिकावासीलाई देशभक्त, सभ्य, सु-संस्कृत, योग्य, प्रतिस्पर्धी, उद्यमशील, सीपयुक्त, आत्मविश्वासी र भविष्यप्रति आशावान बनाउने शिक्षा नीति अवलम्बन गरिनेछ।

४०. शिक्षालाई सीपसँग, सीपलाई श्रमसँग, श्रमलाई रोजगारीसँग, रोजगारीलाई उत्पादनसँग र उत्पादनलाई बजारसँग जोड्नका लागि एक विद्यालय एक उद्यम कार्यक्रम संचालन गरिनेछ।

४१. विद्यालय कर्मचारी, लेखापाल र बाल सहजकर्तालाई सङ्घीय सरकारले तोके वमोजिमको सेवा सुविधा उपलब्ध गराइनेछ। साथै "अपनत्व सहितको शिक्षण कार्य, गुणस्तर सुधारमा अनिवार्य" भन्ने नाराको साथ सार्वजनिक विद्यालयलाई गुणस्तरीय शैक्षिक केन्द्र बनाइनेछ।

४२. विद्यार्थी संख्या, सिकाई उपलब्धी, विषयगत आधार र भौगोलिक दुरीका आधारमा शिक्षक दरवन्दी मिलान, सरुवा, विद्यालय समायोजन (मर्ज) तथा कर्मचारीको व्यवस्थापन गरिनेछ।

४३. आर्थिक रुपमा विपन्न जेहेन्दार, अपाङ्ग, दलित, टुहुरा बालबालिकालाई प्रदान गरिने छात्रवृति कार्यक्रमलाई निरन्तरता दिइनेछ।

४४. गाउँ शिक्षा योजनालाई प्रभावकारी कार्यन्वयन गरिनेछ। शिक्षामा जनप्रतिनिधि, शिक्षक महासंघ, अभिभावक, विद्यार्थी, शिक्षाविद, संस्थागत विद्यालय र सरोकारवाला पक्षको संलग्नतामा गुणस्तर सुधार गरिनेछ।

४५. प्राज्ञिक उन्वयनको लागि **"खाँडादेवी शैक्षिक सुधार कोष"** स्थापना गरी कार्यविधि निर्माण गरी कार्यान्वयन गरिनेछ।

४६. **हरेक विद्यालयमा कम्तिमा एक कप्युटरको व्यवस्था** गरी प्रविधिमैत्री शिकाईमा जोड दिईनेछ।

४७. समुदायिक विद्यालयमा रहेको शिक्षकको नियुक्तिका लागि आवश्यक अध्यापन अनुमति प्राप्त व्यक्तिको अभावलाई परिपूर्ति गर्न वान्छित शैक्षिक योग्यता पुगेका व्यक्तिहरुको शिक्षक बैंक अवधारणा लागु गरि तत्काल शिक्षक पदपूर्ति गर्ने नीति अवलम्वन गरिनेछ।
४८. प्रविधिमैत्रि विद्यालय व्यवस्थापन तथा शिक्षण सिकाईका लागि पालिका भरिका सवै विद्यालयहरुमा कम्तिका एक वटा डेक्सटप कम्प्युटरको व्यवस्था गरिनेछ।
४९. थामी, हायू, धोवी, दशनामी, सुनुवार, भुजेल, राई, पहरी, माझी तथा दलित जातजातिका बालबालिका र अनाथ, अपांङ्ग वालवालिकाहरुलाई शैक्षिक प्रोत्साहन भत्ता उपलब्ध गराइनेछ।
५०. सक्षमतामा आधारित प्राविधिक शिक्षाको लागि आवश्यक व्यवस्था गरिनेछ।
५१. विद्यार्थीको प्रतिभा पहिचान गरी अतिरिक्त क्रियाकलापको विभिन्न शीर्षकमा पालिकास्तरीय प्रतिस्पर्धा गराई पुरस्कृत गर्ने नीतिलाई निरन्तरता दिईनेछ।
५२. संस्थागत विद्यालयहरुको मापदण्ड तोकि व्यवस्थापन गर्ने नीति लिइनेछ। साथै विद्यार्थीको विद्यालय छोड्ने दर घटाई नियमितता अभिवृद्धि गर्न आवासीय विद्यालयको सुरुवात गरिनेछ।
५३. विद्यालयमा डिजिटल हाजिरीको व्यवस्था मिलाइनेछ। विद्यार्थी कार्य संचयिका, होमवर्क डायरी र विद्यार्थीहरुको लग बुक राख्ने अनिवार्य व्यवस्था गरी कार्यन्वयन गरिनेछ।
५४. कक्षा ५ को स्रोत केन्द्रस्तरीय र कक्षा ८ को पालिकास्तरीय परीक्षा केन्द्र निर्धारण गरी परीक्षा संचालनलाई निरन्तरता दिईनेछ। SEE, कक्षा ११ र १२ को परीक्षालाई व्यवस्थित र मर्यादित बनाउन सरोकार पक्षसँग आवश्यक समन्वय र सहकार्य गरिनेछ।
५५. MGML कार्यक्रम सञ्चालित विद्यालयहरुलाई व्यवस्थित बनाई कार्यक्रमलाई विस्तार गरिनेछ।
५६. वडा अन्तर्गतका अगुवा विद्यालयलाई समन्वय, अनुगमन, सहकार्य, सुपरीवेक्षण र अभिलेख व्यवस्थापनको लागि जिम्मेवार बनाइनेछ ।
५७. शिक्षालाई प्रविधिमैत्री, वालमैत्री, वातावरण मैत्री तथा अपाङ्ग मैत्री बनाइनेछ।
५८. विद्यालयको सम्पूर्ण पक्षको जानकारी दिने गरी स्कुल प्रोफाइल तयार गरिनेछ। अभिलेख व्यवस्थापनलाई चुस्त बनाईनेछ।
५९. बालमैत्री स्थानीय शासन कार्यविधि बनाई बालमैत्री वडा र पालिका घोषणा गर्न आवश्यक कार्य गरिनेछ।
६०. उत्कृष्ट विद्यालय, विद्यार्थी, शिक्षक, अभिभावक र शिक्षासेवीलाई पुरस्कृत गर्ने परम्परालाई निरन्तरता दिइनेछ।
६१. शिक्षक, कर्मचारी तथा संचालक समितिको क्षमता विकास गर्न तालिम सञ्चालन गरिनेछ। शिक्षासँग सम्वन्धित सरकारी/गैरसरकारी संघ संस्थासँग समन्वय तथा सहकार्य गरी विभिन्न लागत साझेदारी कार्यक्रम सञ्चालन गरिनेछ।
६२. विषयगत समिति निर्माण गरि प्रश्न बैङक निर्माण गरिनेछ। शिक्षासँग सम्बधित योजना बैंक निर्माण गरिनेछ।
६३. **"समृद्धिको लागि प्राविधिक शिक्षा"** भन्ने नाराका साथ प्राविधिक शिक्षा सञ्चालन भईरहेका विद्यालयहरुलाई प्रोत्साहन र आवश्यकता अनुसार अपग्रेड गरिनेछ।

६४. वास्तविक तथा यथार्थपरक विद्यालय सुधार योजना निर्माण गरी पालिकाको सबै विद्यालयमा लागू गरिनेछ।

६५. विद्यालयमा दक्ष, अनुभवी तथा योग्य शिक्षकलाई प्रधानाध्यापक व्यवस्थापनको लागि शिक्षा ऐन नियामावली अनुसार कार्यसम्पादन करार सम्झौता गरी क्रमशः नेतृत्व प्रदान गरिनेछ। शिक्षकहरुलाई शैक्षिक उपलब्धीको करारनामा गराईनेछ।

६६. निरन्तर विद्यार्थी मूल्याङ्कन पद्धतिलाई प्रोत्साहन गर्न घुम्ति परीक्षा सञ्चालन गरिनेछ। विषयगत स्रोत शिक्षक तयार गर्ने आवश्यक नीति लिईनेछ।

६७. विद्यालयको शैक्षिक सुधारका लागि विद्यालय क्षमता स्वःमूल्याङ्कन घोषणा कार्यक्रम सञ्चालन गरिनेछ।

६८. गणित र विज्ञान बिषयको प्रदर्शनीको आयोजना गरिनेछ।

६९. साहित्यिक, सांस्कृतिक तथा अतिरिक्त कार्यक्रमहरुको आयोजना गरिनेछ।

७०. वातावरणीय अनुकुलताको लागि एक विद्यालय एक बगैंचाँ/फूलवारी नीति लिई हरित विद्यालय निर्माण गरिनेछ।

७१. विद्यालयस्तरीय बालक्लबहरुलाई वडास्तरीय हदै पालिकास्तरीय बालक्लब संजाल गठन गरि संस्थागत गरिनेछ।

७२. सामुदायिक सिकाई केन्द्रलाई आवश्यक कार्यविधि बनाई व्यवस्थित गरिइनेछ।

७३. **"एक विद्यालय एक नर्स"** कार्यक्रमलाई विस्तार गरिनेछ। साथै विद्यालय नमुना संसद कार्यक्रमलाई निरन्तरता दिइनेछ।

७४. विद्यार्थीको उपलब्धीलाई मुख्य आधार बनाएर शिक्षक तथा विद्यालयको मूल्याङ्कन गरिनेछ।

७५. कृषि, स्वास्थ्य, पत्रकारिता तथा प्राविधिक शिक्षा अध्ययनको लागि विशेष अनुदानको व्यवस्था गरिनेछ।

७६. युवा सशक्तिकरणका लागि सक्षमतामा आधारित कार्यक्रम सञ्चालन गरिनेछ।

७७. राष्ट्रपति रनिङशिल्ड प्रतियोगितालाई थप व्यवस्थित गर्नका लागि खेलकुद मैदान निर्माण कार्यलाई अगाडि बढाईनेछ। साथै सबै विद्यालयमा रहेका खेल मैदानहरुको स्तरउन्नति गरिनेछ।

७८. खेल प्रशिक्षकलाई प्रत्येक विद्यालयमा पुग्ने गरी कार्यतालिका बनाई प्रभावकारी ढङ्गले परिचालन गर्ने कार्यलाई निरन्तरता दिइनेछ।

७९. स्थानीय स्काउटलाई सक्रिय बनाउन आवश्यक कार्यक्रम संचालन गरिनेछ। विद्यार्थी तथा युवाहरुलाई खेलप्रतिको रुचि जगाउने, खेलाडी पहिचान गर्ने र तालिम दिने सम्बन्धि कार्यक्रम संचालन गरी खेलमैत्री नीति अवलम्वन गरिनेछ।

८०. खाँडादेवी गाउँपालिकामा अध्ययन अनुसन्धान गर्ने पालिकाकै अनुसन्धानकर्तालाई अनुसन्धान सहयोग गरिनेछ र अनुसन्धानलाई प्राथमिकता दिइनेछ ।

८१. पालिकाको उत्कृष्ठ विद्यालयलाई हरेक वर्ष ५ लाख प्रोत्साहन रकम सहित सम्मान गरिनेछ। उत्कृष्ठ प्रधानाध्यापक र व्यवस्थापन समितिका अध्यक्षलाई वर्षेनी २५ हजार रकम सहित सम्मान गरिनेछ ।

८२. निजि क्षेत्रमा अध्ययन गरिरहेको आफ्नो सन्तानलाई आफूले अध्यापन गर्ने विद्यालय वा सामुदायिक विद्यालयमा पढाउने शिक्षकहरुलाई प्रोत्साहन रकम सहित सम्मान गरिनेछ। शारीरिक र मानसिक यातना दिई शिक्षण सिकाई शून्य सहनशीलता नीति अवलम्बन गरिनेछ।
८३. विद्यालय व्यवस्थापन समितिमा सबैभन्दा बढि आर्थिक सहयोग गर्ने एक व्यक्तिलाई एक वर्ष सदस्य रहने व्यवस्था गरिनेछ ।
८४. पेन्सन प्राप्त शिक्षकहरुलौ स्वेच्छिक अवकास लिन चाहेमा प्रोत्सहन दिई सम्मान सहित विदाई गरिनेछ।
८५. हरेक वडामा जेष्ठ नागरिक मिलन केन्द्र स्थापना गरी जेष्ठ नागरिकहरुको भलाकुसारी गर्ने र अनुभव आदानप्रदान गर्न सहजताको लागि आवश्यक प्रबन्ध गरिनेछ ।
८६. पालिकाबाट उच्च शिक्षामा उत्कृष्ठ नतिजा ल्याउने ब्यक्तिहरुलाई पालिकामै प्राथमिकताका साथ रोजगार दिने नीति अबलम्बन गरिनेछ ।
८७. बालश्रम मुक्त र बालबिवाह मुक्त पालिका घोषणा गरिनेछ ।साथै विद्यालय स्तरमा आधारभूत कानुनी शिक्षाको अभिमुखिकरण कार्यक्रम संचालन गरिनेछ।
८८. पालिकामा युवा परिषद् गठन गरी युवा क्षमता अभिवृद्धि र युवा लक्षित कार्यक्रमहरु सञ्चालन गरिनेछ।**युवा संसद** आयोजना गरी युवा नेतृत्व विकास गरिनेछ ।
८९. रेडक्रस, स्थानीय गैरसरकारी संस्थाहरुसँग समन्वय र सहकार्य गरेर **विपद व्यवस्थापन कोष** स्थापना गरी कार्यविधि बनाई सञ्चालन गरिनेछ । वडास्तरमा कम्तिमा १५ जना युवाहरुको विपद् उद्दार कार्यदल गठन, क्षमता अभिवृद्धि र आवश्यक सामाग्री सहित आवश्यकता अनुसार परिचालन गरिनेछ।
९०. **"आजको युवा सीपयुक्त र जिम्मेवार युवा"** वडा र बस्तीस्तरमा युवाहरुको समूह बनाई युवाको क्षमता गरी विकास निर्माण, आर्थिक विकास, खेलकुद विकास र विपद् व्यवस्थापनमा युवा शक्ति परिचालन गरिनेछ ।
९१. माझी, नेवार, तामाङ्ग र मगर भाषामा कक्षा ५ सम्म मातृभाषाको पढाइ हुने व्यवस्था मिलाइनेछ र मातृभाषाको संरक्षणमा जोड दिइनेछ । परिवर्तित पाठ्यक्रमको वारेमा जानकारी दिन पाठ्यक्रम अभिमुखिकरण कार्यक्रम संचालन गरिनेछ।
९२. पालिकामा सहायता कक्ष (Help Desk) सञ्चालन गरी नागरिक सेवा र सूचनालाई व्यवस्थित र प्रभावकारी गरिनेछ ।
९३. पालिकाको भूगोल, हावापानी, प्राकृतिक श्रोत, सामाजिक, साँस्कृतिक, आर्थिक, ऐतिहासिक र वातावरण लगायतको विषयबस्तुहरु समेटेर खाँडादेवी पुस्तिका तयार गरी विद्यालयहरुमा कक्षा ६ देखि ८ सम्मको पाठ्यक्रममा समावेश गरी अध्यापन गर्ने व्यवस्था मिलाउनेछ ।
९४. सबै बाल (शिशु) कक्षाहरु मन्टेश्वरी कक्षाहरुमा रुपान्तरण गरिनेछ र शिशु कक्षामा ३ तहका सिकाई पछि मात्र १ कक्षामा भर्ना हुने गरी सञ्चालन गरिनेछ । बाल सहजकर्ताहरुको क्षमता अभिबृद्धि र शिशु कक्षाहरुको पूर्वाधारहरु र खेल तथा सिकाई सामाग्रीहरु आवश्यकता अनुसार व्यवस्था गरिनेछ । माझी, थामी लगायत सिमान्तकृत जातिका र दलित जातिका

बालबालिकाहरुको लागि नियमित कक्षा बाहेक समुदायस्तरमा कोचिङ्ग कक्षा सञ्चालनको प्रबन्ध गरिनेछ ।

९५. **"गुणस्तरीय शिक्षा हाम्रो प्रतिवद्धता"** लाई साकार पार्न यसै वर्षबाट पालिकाको कुनै एक विद्यालयमा कक्षा ४-१२ सम्म आवासीय विद्यालय सुरुवात गरिनेछ । हरेक वर्ष नयाँ भर्ना कक्षा ४ मा मात्र लिइनेछ ।११ र १२ कक्षा आवसीय हुनेछ । शिक्षकहरुको क्षमता अभिबृद्धि र बालमैत्री शिक्षण सिकाईको लागि आवश्यक तालिम दिइनेछ ।

९६. बहुप्राविधिक शिक्षालय स्थापना गरी देश र पालिकालाई चाहिने निम्न र मध्यमस्तरीय प्राविधिक जनशक्ति उत्पादन गरिनेछ र पालिकालाई शैक्षिक केन्द्रको रुपमा विकास गरिनेछ । गुणस्तरीय र प्राविधिक शिक्षा सबैको पहुँच स्थापित गरिनेछ ।

९७. पालिकामा **मेलमिलाप केन्द्र** र हिंसा पीडित महिला तथा बालबालिकाको लागि सुरक्षित र व्यवस्थित उद्धार तथा पुनःस्थापना केन्द्र सञ्चालन गरिनेछ । हिंसा पीडित महिला र बालबालिकाको सहयोगको लागि आपतकालीन सहयोग कोष कार्यन्वयन गरिनेछ । **बाल हेल्पलाइन १०९८** सञ्चालन गरिनेछ ।

९८. कार्य स्थलमा शिशु स्तनपान कक्षको व्यवस्था गरिनेछ ।

९९. निजी क्षेत्र, गैर सरकारी संस्थाहरु र पालिकाको संयुक्त लगानीमा सुविधायुक्त **जेष्ठ नागरिक गृह (बृद्धाआश्रम) तथा बालगृह** निर्माण गरी प्रचलित कानुन बमोजिम सञ्चालन गरिनेछ ।

१००. पर्यटन प्रबर्द्धन र मनोरञ्जनका लागि विभिन्न स्थानमा संभाव्य अध्ययन गरी पार्क निर्माण गरी सञ्चालन गरिनेछ ।

१०१. बौद्ध विश्वविद्यालयसँग सम्बन्धन प्राप्त गरी खाँडादेवी वडा नं. ७ मा आवासीय बुद्धिज्म क्याम्पस सञ्चालन गरिनेछ र नर्वदेश्वरमा आवासीय संस्कृत बिद्यालय सञ्चालन पूर्वीय दर्शन प्रबर्द्धन गरिनेछ।

१०२. खाँडादेवी, नर्मदेश्वर, विश्वामित्र गुफा, महांकाल र अग्लेश्वर समेटेर धार्मिक, सास्कृतिक पर्यटन प्रबर्द्धनको लागि गुरुयोजना बनाई कार्यन्वयन गरिनेछ ।

१०३. पालिका भित्रको अतिक्रमित सरकारी सार्वजनिक तथा गुठी जग्गाको जमिनको खोजी गरी तत्काल सरकार मातहतमा ल्याइनेछ । यस्तो जग्गाको उपयोगको योजना बनाइनेछ ।

**आदरणीय गाउँसभा सदस्यज्यूहरु,**

१०४. घटना दर्ता तथा सामाजिक सुरक्षाको दर्ता सत प्रतिशत पुऱ्याउने लक्ष्य अनुरुप घटना दर्ता सप्ताह मनाईनेछ।

१०५. कर्मचारी तथा जनप्रतिनिधिहरुलाई अभिमुखिकरण कार्यक्रम सञ्चालन गर्नुका साथै घटना दर्ता तथा सामाजिक सुरक्षा कार्यक्रमको बारे जानकारी अभिवृद्धि गर्न प्रचार प्रसारका अभियानहरु सञ्चालन गरिनेछ ।

१०६. व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षा कार्यक्रमलाई थप गुणस्तरीय बनाउन आधुनिक प्रविधिमा आधारित व्यवस्थापन सूचना प्रणाली मार्फत कार्य गरिनेछ ।

१०७. सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुलाई स्मार्ट परिचयपत्र (Smart ID Card) सबै वडाहरुमा जारी गरिनेछ ।

१०८. घटना दर्ता तथा सामाजिक सुरक्षाका सम्बन्धमा प्राप्त हुन आएका गुनासोहरुको सम्बन्धित वडा, पालिका र राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण विभागसँग समन्वय गरी समाधान गर्ने व्यवस्था मिलाईनेछ ।

१०९. घटना दर्ता तथा सामाजिक सुरक्षा सम्बन्धमा स्थानीय तह तथा सेवा इकाईबाट सम्पादित कार्यहरुको नियमित प्रतिवेदन विभागमा पठाईनेछ ।

११०. २०७८/७९ को पहिलो त्रैमासिक देखि चौथो त्रैमासिक सम्म खाता नखोल्ने लाभग्राहीहरुको पहिचान गरी एम.आई.एस. प्रणालीबाट लगत कट्टा गरिनेछ ।

१११. अनलाईन प्रणाली मार्फत व्यक्तिगत घटना दर्ता गर्नको लागि वडा कार्यालयहरुलाई व्यवस्थित गरिनेछ ।

११२. खाँडादेवी गाउँपालिकाको आ.व. २०७९/८० को लागि कार्यालयमा कार्यरत एम.आई.एस. अपरेटर तथा फिल्ड सहायकहरुको लागि ५३.८७% रकम बराबरको पारिश्रमिक तलब भत्ता मिलाउने प्रतिवद्दता गरिनेछ ।

११३. सामाजिक सुरक्षा भत्ता वितरण बैंक मार्फत गरिनेछ ।

**आदरणीय गाउँसभा सदस्यज्यूहरु,**

११४. पालिका भित्रका पछाडि पारिएका नागरिकहरुको पहिचान गरी सामाजिक समावेशीकरणको मान्यता बमोजिम सशक्तिकरण गर्न सामुदायिक, सहकारी तथा गैरसरकारी संस्थाहरुसँग समन्वय गरिनेछ।

११५. जोखिम तथा पारिवारिक हिंसामा परेका महिला, बालबालिका, किशोर-किशोरी, अपाङ्ग, अनाथ, टुहुरा बालबालिका लगायत अभिभावक विहिन नागरिकको संरक्षण तथा क्षमता विकास गर्न सामुदायिक, नीजी र गैरसरकारी क्षेत्रलाई समेत परिचालन गरी कार्यक्रम निर्माण गरिनेछ ।

११६. पछाडि पारिएका वर्ग तथा समुदायलाई लक्षित गरी सामाजिक समावेशीकरणको महत्व आवश्यकता र अपरिहार्यताका सम्बन्धमा सचेतनामुलक कार्यक्रमहरु सञ्चालन गरिनेछ।

११७. बालविवाह, बहुविवाह, लैङ्गिक हिंसा, छुवाछुत तथा दाइजो प्रथा, बालश्रम, मानव बेचविखन जस्ता सामाजिक कुरीति र अन्धविश्वास अन्त्य गर्न/गराउन सबै वडा कार्यालयहरुलाई सक्रिय गराई कार्यक्रम सञ्चालन गरिनेछ।

११८. महिला हिंसा र क्षमता विकास सम्वन्धि तालिम कार्यक्रमहरु सञ्चालन गरिनेछ।

११९. गाउँपालिकास्तरीय **लैङ्गिक हिंसा निवारण कोष** स्थापना गरी कार्यविधि बनाई सञ्चालन गरिनेछ।

१२०. अपाङ्ग परिचय पत्र नविकरण तथा अपाङ्गको अवस्थालाइ मध्यनजर गरी उनीहरुको सेवा सुविधाको सुनिश्चितता गरिनेछ।

१२१. एकल महिला विशेष कार्यक्रम तथा जेष्ठ नागरिक सम्मान कार्यक्रम गरिनेछ।

१२२. दलितहरुका लागि कानुनी सचेतना सहित सशक्तिकरणको माध्यमबाट छुवाछुतको अन्त्य गरी समावेशी समाजको निर्माणमा जोड दिइनेछ। साथै कानुनि

१२३. पालिका भित्रका महिला सहकारीहरु र महिला समूहहरुको संस्थागत विकासका लागि विभिन्न कार्यक्रम सञ्चालन गरी महिला सशक्तिकरणमा जोड दिइनेछ।

**आदरणीय गाउँसभा सदस्यज्यूहरु,**

१२४. गाउँपालिका भित्रका विभिन्न धार्मिक, संस्कृतिक, मठ मन्दिर, गुम्बा, गुफा, ऐतिहासिक स्थल, सास्कृतिक सम्पदाहरुको पहिचान, संरक्षण, प्रर्वधनका लागि एकीकृत धार्मिक पर्यटनको विकास गर्न सम्भाव्यता अध्ययन तथा पर्यटकीय एकीकृत गुरुयोजना तयार गरिनेछ।

१२५. **"घुम्न जाँऔं खाँडादेवी"** अभियानलाई सार्थकता दिन गाउँपालिकालाई आन्तरिक तथा बाह्य पर्यटकको गन्तव्य स्थल वनाउन आवश्यक प्रवन्ध मिलाईनेछ। गाउँपालिकामा घुम्न आँउने बाह्य पर्यटकको लगत लिई धेरै पर्यटक भित्र्याउने व्यवसायी र कम्पनीलाई पुरस्कृत गरिनेछ।

१२६. खाँडादेवी गाउँपालिकाको जातजाति, धर्म संस्कृति, भेषभूषा, रहनसहन, भूदृश्य, उत्पादनदेखि चुल्हो चौका समेत समेटेर खाँडादेवी साँस्कृतिक संग्रहालय स्थापना गरिनेछ ।

१२७. थामी, माझी, तामाङ, नेवार, क्षेत्री, बाहुन, मगर र धोवी लगायतका जातिको भाषा, धर्म, भेषभूषा, चाडपर्व, जनजीवन झल्कने संग्रहालय निर्माण गरी पर्यटक आकर्षित गरिनेछ। यसबाट निश्चित पर्यटन शुल्क लिने व्यवस्था समेत मिलाइनेछ।

१२८. सुनकोशी र तामाकोशी नदी क्षेत्रमा जलयात्राको संभाव्यता अध्ययन गरी जल यात्रा पर्यटनको विकास गर्ने तथा विभिन्न खेलकूदको आयोजना गरी खेल पर्यटनलाई आकर्षित गरिनेछ।

१२९. पर्यटन विकासमा नीजी, गैर सरकारी, सहकारी क्षेत्रको लगानी आकर्षित गर्न लागत सहभागितालाई प्रोत्साहन गरिनेछ। सम्भावित क्षेत्रमा पिकनिक स्पोर्ट, पार्क तथा होमस्टे संचालन जस्ता कार्य गर्न आवश्यक प्रकृया अगाडि बढाइनेछ।

१३०. एक वडा एक खेल मैदान निर्माण र खुला जिम सञ्चालन गरिनेछ । पालिका, प्रदेश र राष्ट्रियस्तरको विभिन्न खेलहरुको आयोजना गरी खेल पर्यटन प्रबर्द्धन गरिनेछ । विभिन्न खेलका प्रशिक्षकहरुको व्यवस्था गरी खेलाडीहरु उत्पादन र क्षमता अभिवृद्धि गरिनेछ । खेलाडीहरुको रोष्टर बनाई पालिकाको विपद् व्यवस्थापन र विकासमा परिचालन गरिनेछ ।

१३१. हरेक वर्ष पालिकास्तरीय अध्यक्ष खेलमहोत्सव र उपाध्यक्ष साँस्कृतिक महोत्सव आयोजना गरिनेछ ।

१३२. नीजी कम्पनीको लगानीमा सित्खा खाँडादेवी, अग्लेश्वर हुँदै शैलुङ केबुलकार निर्माण कार्यलाई पहल गरिनेछ साथै जिपलाईन सञ्चालनको लागि सम्भाव्यता अध्ययन गरिनेछ।

१३३. सिल्पी जातिहरुको पेशा संरक्षणमा प्राथमिकता र क्षमता विकासमा विशेष प्राथमिकता दिइनेछ र परम्परागत ज्ञान र सीपको अभिलेखीकरण र परिस्कृत गरी संरक्षण गरिनेछ ।

१३४. पालिकास्तरीय खेलकुद समितिलाई निरन्तरता दिई खेलकुद विकासका कार्यक्रमहरु कार्यन्वयन गरिनेछ ।

१३५. पालिकास्तरीय बाल सञ्जाल, युवा सञ्जाल, महिला सञ्जाल, कृषक सञ्जाल, गठन गरी कार्यविधि बनाई विकासमा उनीहरुको प्रतिनिधित्व र सहभागिताको सुनिश्चिता गरिनेछ । सञ्जालहरुलाई पालिका दर्ता गरी क्षमता अभिवृद्धि, जनचेतनामूलक र आयआर्जनका क्रियाकलापमा सहकार्य गरिनेछ ।

१३६. प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम केन्द्र, वित्तिय संस्था, नीजी क्षेत्र, अन्तराष्ट्रिय गैरसरकारी तथा गैरसरकारी, विकास साझेदारसँग समन्वय र सहकार्य गरेर १५०० युवाहरुलाई प्राविधिक तालिम दिई रोजगारको अवसर सिर्जना गरिनेछ ।

१३७. नीजी क्षेत्रको सहकार्यमा सुनकोशी र तामाकोशीको उपयुक्त स्थानमा चिल्ड्रेन फनपार्क, स्वीमिङ पुल, जिपलाइन, बम्जी जम्पको पूर्वाधार र वीच भलिबल (Beach Volleyball) कोर्ट निर्माण गरी सञ्चालनको व्यवस्था मिलाइनेछ ।

**आदरणीय गाउँसभा सदस्यज्यूहरु,**

**<u>आर्थिक विकास समिति सम्बन्धी नीति</u>**

**कृषि तथा पशुपन्छी, उद्योग, उद्यमशीलता, खानी तथा खनिज, सहकारी, रोजगारी तथा गरिवी न्यूनीकरण सम्बन्धी**

१३८. खाँडादेवी गाउँपालिकामा कृषिको दिगो, सन्तुलित र व्यवस्थित विकासका लागि कृषि तथा पशुपक्षीं तथ्यांक अध्यावधिक गरिनेछ। कृषकको वर्गीकरण र पहिचान गरी कृषि पेशाको सम्मान गर्दै व्यावसायिक कृषि सेवा प्रदान गरिनेछ। निर्वाहमुखी खेती प्रणालीलाई व्यावसायिक खेति प्रणालीमा रुपान्तरण गरिनेछ। स्थानीय मौलिक ज्ञानको संरक्षण र सम्वर्द्धन गरी कृषकलाई अर्गानिक खेतीतर्फ आकर्षित गरिनेछ।

१३९. **"एक घर एक परिवार, फलफूल सदाबहार"** कार्यक्रम अन्तर्गत प्रत्येक परिवारलाई फलफूल विरुवा लगाउन उत्प्रेरित गर्न नर्सरी स्थापना गर्न प्रोत्साहन गरिनेछ।

१४०. सबै वडाहरुमा घुम्ती माटो परीक्षण शिविरलाई निरन्तरता दिईने छ।

१४१. **"एक घर, एक करेसाबारी"** कार्यक्रम लागू गरी तरकारीमा आत्मनिर्भर गरिनेछ। उन्नत विउ मलखाकको व्यवस्थालाई व्यवस्थित गरि सहज आपूर्तिको व्यवस्था गरिनेछ।

१४२. प्रत्येक वडामा कम्तीमा १० युवाहरुको कृषि श्रमिक परिचालन गरी व्यसायिक कृषि प्रबर्द्धन, कृषि कार्य र कृषि उपजमा आधारित उद्यम र उत्पादित बस्तुको बजारीकरणमा परिचालन गरिनेछ । कृषि श्रमिकहरु शेयर सदस्य भएको सहकारी मार्फत कृषि उपज संकलन, बजारीकरण, प्रशोधन र मूल्य अभिबृद्दि गर्न पालिका स्तरीय कृषि सहकारी दर्ता गरी सञ्चालन गरिनेछ । सहकारीले कृषि श्रमिक र कृषि एम्बुलेन्स परिचालन गरी कृषकको उपजको उचित लाभ मूल्यमा खरिद संकलन गर्ने, कृषि उपजको समर्थन मूल्य तोक्ने व्यवस्था मिलाइनेछ । मोबाइल एपबाट कृषकलाई सूचना दिने व्यवस्था मिलाइनेछ ।

१४३. पालिकामा पोसिलो डाँलेघाँस उत्पादन गरी पशुपालनमा प्रबर्द्धन गर्ने नीति अबलम्बन गरिनेछ।

१४४. हावापानी र संभाव्यताको आधारमा एक वडा एक बाली प्रमुख प्राथमिकता गरी व्यवसायिक खेतीको थालनी गरिनेछ ।

१४५. भू-उपयोग नीति मार्फत कृषिको लागि उपयुक्त जग्गा अन्य प्रयोजनको लागि प्रयोग गर्न नदिने व्यवस्था गरिनेछ । बाझो कृषियोग्य जमिनलाई कम्तिमा १० वर्षसम्म कबुलियतमा लिई व्यवसायिक खेती गरिनेछ र कबुलियतमा जग्गा नदिने घरधनीले अनिवार्य रुपमा खेती गर्न

व्यवस्था गरिनेछ । कृषि प्राविधिकहरुले पालिकाको खेती भएको र नभएको स्थलगत अनुगमन गरेर पालिकामा रिपोटिङ्ग गर्ने व्यवस्था मिलाइनेछ ।

१४६. संघ र बागमती प्रदेशको आर्थिक सहयोगमा पालिकाको उपयुक्त स्थानमा चिस्यान केन्द्र र कृषि उपज संकलन तथा प्रशोधन केन्द्र स्थापना गरि कृषि सहकारी मार्फत सञ्चालन गरिनेछ। कृषिमा आधारित उद्यम गर्ने उद्यमीलाई पालिकाले कुल लागतको २५ प्रतिशत बिउ पूँजी दिने व्यवस्था मिलाइनेछ ।

१४७. कृषि विकासका लागि जमिनको खण्डीकरण र बाँझोपना नियन्त्रण गर्न विशेष अभियान संचालन गरिनेछ। साथै कृषि उत्पादन अभिवृद्धिका लागि सिंचाई प्रणाली विकास, कृषिको यान्त्रीकरण, आधुनिकीकरण र वैज्ञानिकीकरण, कृषि हाट बजारको संचालन तथा उत्पादनमा आधारित प्रोत्साहन कार्यक्रम सञ्चालनको व्यवस्था मिलाईने छ। नगदेवाली तथा उच्च मूल्य भएका बहुमूल्य बालिको व्यवसाय खेति तर्फ कृषकलाई उत्प्रेरित गरी उत्पादन अभिवृद्धि र बजारीकरणका लागि विशेष पहल गरिनेछ।

१४८. कृषि विउ विजन, मल, र कृषि औजार तथा उपकरण बास्तविक कृषकलाई मात्र दिन व्यवस्था मिलाइनेछ साथै कृषि र पशुको विमा गर्न पालिकाले प्राथमिकता दिइनेछ ।

१४९. खुला चरिचरण बन्द गर्ने र बधुवा पशुपालनमा प्राथमिकता दिइनेछ । भकारो सुधार र पशु मल मुत्रको कृषिमा प्रयोग गर्न जोड दिइनेछ । गडयौला खेती गरी जैविक मल उत्पादन गरिनेछ ।

१५०. गह्रा सुधार गरी चक्लाबन्दी बनाई व्यवसायिक खेतीको थालनी गरिनेछ र आवश्यकता अनुसार ल्याण्ड पुलिङ गरिनेछ । गह्रा सुधारका लागि पालिकाले उपकरण उपलब्ध गराउनेछ र श्रमिकको ज्याला र उपकरणको लागि आवश्यक इन्धनको व्यवस्था सम्बन्धित व्यक्ति स्वयमले गर्ने व्यवस्था मिलाइनेछ ।

१५१. अर्गानिक कृषि क्षेत्रको निर्धारण गरी अर्गानिक उपजको उचित लाभ मूल्यमा पालिकाले खरिद गरी बजारीकरणमा प्राथमिकता दिइनेछ ।

१५२. भटौली खोलामा ड्याम निर्माण गर्न सभाव्यता अध्ययन गर्ने र संभव देखि डिपिआर तयार गरी ड्याम निर्माणको लागि प्रदेश, संघसँग समन्वय र सहकार्यमा लगानीका श्रोत जुटाई खाडाँदेवीको वडा नं. ३, ४, ५, ६, ८, ९ को तल्लो भेगमा सिचाई व्यवस्था गरिनेछ ।विगतमा निर्माण गरिएका, चालु रहेका पालिका भित्रका सिंचाई कुलाहरु निर्माण तथा मर्मत गरी अधिक क्षेत्रमा सिंचाई सुविधा पुऱ्याउने र कृषि मार्फत किसानको जीवनस्तर उकास्ने नीति लिईनेछ।

१५३. माछापालन, मौरीपालन, बंगुरपालन, कुखुरापालन, भैसीपालन, गाईपालन, च्याँउ, तरकारी, मसला, फूल तथा फलफूल खेतीको लागि पालिकाले कृषि विकास कोषबाट प्रोत्साहन सहयोग दिइनेछ । अर्गानिक चिया तथा कफी खेती, दाँते ओखर, आँप, कटहर, खरभुजा, सरिफा, एभोकाडो, अमला, अंम्बा, ड्रागनफ्रुट, आरुबखडा, नास्पती, आरु, हलुवावेद, किवी खेती, अमिलो जातको खेतीलाई प्राथमिकता दिइनेछ ।

१५४. खाँडादेवी गाउँपालिकाको वडा नं. १ मा मकै खेतीको पकेट क्षेत्र घोषणा गरी पालिकाको उपयुक्त स्थानमा मकैको च्याख्ला उद्यम र दाना उत्पादन उद्योग सञ्चालन गरी बजारीकरण

गरिनेछ ।फापर, कोदो, जौं, पिडालु, बेसार, अदुवा, खुर्सानी, टिमुर, तेजपत्ता खेतिलाई प्रोत्साहन दिई पालिकाले खरिद गरिनेछ ।

१५५. पशुजन्य पदार्थहरुको उत्पादन र उत्पादकत्व अभिवृद्धि गर्न तथा उत्पादन लागत न्यूनीकरण गर्न प्रविधिको प्रयोग, फार्म सुधार र यान्त्रीकरणलाई जोड दिइनुका साथै पशुहरुको नश्ल सुधारका लागि कृत्रिम गर्भाधान कार्यक्रमलाई अभियानकै रुपमा सञ्चालन गरिने छ।पशुपालनमा आहाराको सहज पूर्ति गर्नका लागि चक्ला बन्दी घाँस खेती तथा चरण क्षेत्र विकास कार्यक्रम संचालन गरिनेछ।

१५६. पशु स्वास्थ्य सेवा तर्फ प्राथमिक उपचार, परजीवि नियन्त्रण र आकस्मिक उपचार सेवा, गुणस्तरीय ल्याव सेवा प्रदान गरी पशुहरुमा लाग्ने महामारी रोग विरुद्ध निःशुल्क खोप कार्य संचालन गरी पशु पालक कृषकहरुलाई सेवा पुर्‍याई पशु धन स्वस्थ्य राख्ने कार्यको सुनिश्चितता गरिनेछ।

१५७. तालिम तथा प्रचार प्रसार सेवा तर्फ कृषकहरुमा समय अनुसार प्रविधि हस्तान्तरण, ज्ञान सीप बढाउने उद्देश्यले छोटो अवधिको तालिम संचालन, अन्तरक्रिया गोष्ठी, कृषकबाट कृषक प्रविधि बारे जानकारी लिन/दिन कृषक भ्रमण, विभिन्न संघ संस्थाबाट प्रकाशित सूचना प्रविधि पम्पलेट, लिफलेट आदि वितरण तथा पशु स्वास्थ्य शिविर संचालन गरिनेछ।

१५८. ५० रोपनी भन्दा वढि जग्गामा व्यवसायिक खेती गर्ने व्यक्ति, कम्पनी वा समूहलाई प्रत्येक वडामा २५ लाखसम्म प्रोत्साहन अनुदान दिइनेछ ।

१५९. कृषि, पशुपालन, वन र पर्यटनसँग सम्बन्धित उद्यम गरी कम्तिमा १० जनालाई रोजगारी दिने व्यक्ति, समूह वा कम्पनी संस्थालाई काम शुरु गरेपछि कूल लागतको २० प्रतिशत अनुदान दिइनेछ ।

१६०. स्थानीय सरकारको प्रतिवद्धता, कृषकलाई प्राविधिक सेवा उपलब्धता भन्ने सोचलाई अघि सारी घर दैलो सेवालाई अझ प्रभावकारी रुपमा सेवा प्रदान गर्नको लागि प्रत्येक वडामा सेवा केन्द्र खडा गरी एक वडा एक पशु तथा कृषि प्राविधिक परिचालन गरिनेछ । कृषकहरुलाई पशु तथा बाली बिमालाई प्रोत्साहन गरिनेछ।

**आदरणीय गाउँसभा सदस्यज्यूहरु,**

१६१. रोजगार र बेरोजगार श्रमशक्तिको तथ्यांक संकलन, प्रशोधन र सूचना प्रणालीको स्थापनाका साथै रोजगार सूचना केन्द्रको व्यवस्थापन र सञ्चालन गरिनेछ । बैदेशिक रोजगारबाट फर्किएका रिटर्नीहरुको प्रोफाइल तयार गरी उनीहरुको सीप, ज्ञान र उद्यमशीलताको उपयोगका लागि व्यवसायिक योजना बनाई उद्यम गर्नेलाई उद्यमको लागि पालिकाले बढिमा १० लाखसम्म प्रोत्साहन रकम दिइनेछ ।

१६२. कृषि तथा वन, पर्यटन, पूर्वाधार, सूचना प्रविधि र घरेलु तथा साना उद्योग क्षेत्रलाई रोजगारी स्तम्भको रुपमा पहिचान एवं विकास गरी रोजगारीका अवसरहरुको बढोत्तरी गरिनेछ ।

१६३. पालिकास्तरमा श्रमिकहरुको प्रोफाइल तयार गरी आवश्यक तालिम दिने व्यवस्था मिलाइनेछ र उचित ज्याला निर्धारण गरी रोष्टरमा रहेका श्रमिकहरुलाई कृषि, पशुपालन र निर्माण क्षेत्रमा एकीकृत रुपमा परिचालन गरिनेछ ।

१६४. श्रम सहकारी मार्फत विभिन्न सीपमुलक तालिम प्रदान गर्नुका साथै श्रमिकहरुलाई मागका आधारमा विभिन्न परियोजना निर्माण, सार्वजनिक पुर्वाधार निर्माण, वातावरण संरक्षण, स्वास्थ्य तथा सरसफाई लगायतका कार्यमा खटाउने व्यवस्था मिलाईनेछ ।

१६५. रोजगार सेवा केन्द्रलाई स्थानीय, प्रादेशिक, स्वदेश, विदेशमा रहेका रोजगारीका अवसर पहिचान, आवश्यक जनशक्ति व्यवस्थापन, सीप विकास तालिम लगायतका रोजगारी प्रवर्द्धनसँग परोक्ष वा प्रत्यक्ष सम्बन्धित कार्यहरुको सूचना प्रकाशन, प्रसारण तथा सम्प्रेषणका माध्यमबाट Employment Information Hub का रुपमा विकास गरिनेछ।

१६६. **"श्रमको सम्मान, खाँडादेवीको अभियान"** कार्यक्रमलाई जनचेतनामूलक, सचेतना अभिवृद्धि लगायतका कार्यहरु गाउँपालिकाले शसक्त ढङ्गले अघि बढाउने छ ।

१६७. युवा तथा साना व्यवसायी स्वरोजगार कोषसँग सहकार्य गरी पालिका भित्रका वेरोजगार युवाहरुका लागि रोजगारी सिर्जना गरिनेछ।

१६८. बेरोजगार व्यक्तिहरुले आफूसँग भएको सोच, सीप र अनुभवका आधारमा स्वरोजगार हुन चाहेमा आवश्यक पर्ने सिप तथा उद्यमशीलता अभिवृद्धि गर्न उद्यमशीलता तालिम प्रदान गरिनेछ ।

१६९. नीजी, सहकारी र गैर सरकारी क्षेत्रसँग समन्वय र सहकार्य गरी थप रोजगारीका अवसर सृजना गरिनेछ ।

१७०. बाढी, पहिरो, भू-क्षय जस्ता प्राकृतिक प्रकोपजन्य विपद व्यवस्थापनमा द्रुत उद्धार तथा पुनःस्थापना सहयोग पुऱ्याउने कार्यहरुमा सूचिकृत बेरोजगारलाई प्राथमिकता दिई परिचालन गरिनेछ ।

१७१. स्थानीय कच्चा पदार्थ, सिप र मागमा आधारित घरेलु तथा साना, लघु, मझौला उत्पादनमुखी उद्योग तथा व्यवसायलाई प्राथमिकता दिई युवा उद्यमी विकास सम्बन्धी कार्यक्रमलाई प्राथमिकता दिईनेछ ।

१७२. कृषि, गैर काष्ठ वन र अन्य प्राकृतिक स्रोत, मौजुदा परम्परागत सीप, लघु वित्त संस्थासँगको सम्बन्ध तथा बजार सम्बन्धलाई उपयोग गर्दै लघू उद्यमहरूको विकास गरिनेछ।

१७३. गरीब तथा सीमान्तकृत लक्षित समूह, अति गरिबीको मार खेपिरहेका महिला, दलित, आदिवासी जनजाति, लैङ्गिक तथा यौनिक अल्पसंख्यक अपाङ्ग, तथा द्वन्द्व पीडित युवाहरूलाई सहभागी गराई लघू उद्यम विकास गर्न जुटेका विभिन्न निकायहरू विचको समन्वय र कार्यान्वयन पक्षलाई सशक्त बनाईनेछ ।

१७४. मूल्य श्रृङ्खला अवधारणामा आधारित भएर लघू उद्यम तथा उद्यमीहरूलाई प्रश्रय दिंदै नीति कार्यान्वयनकर्ता र अनुगमन गर्ने निकायहरूको सुदृढीकरण गर्दै लघू उद्यमहरूको स्तरोन्नति गरिनेछ ।

१७५. "सोच देखी उद्योग सम्म" कार्यक्रम मार्फत नवप्रर्वद्धन उद्यम योजना भएका तथा नयाँ लघू, घरेलु तथा साना उद्योगको स्थापना, विकास तथा प्रर्वद्वन Inception, Incubation, Market

analysis, prototypes लगायतका कार्यहरु मार्फत बार्षिक ३०० जना लाभान्वित हुने गरी सञ्चालन गरिनेछ ।

**आदरणीय गाउँसभा सदस्यज्यूहरु,**

१७६. लघु उघोग, वाणिज्य तथा साना व्यापार दर्ता, सञ्चालन तथा नियमन कार्य कानुन अनुसार प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ ।

१७७. स्थानीय कच्चा पद्धार्थ र श्रोत परिचालन हुने उद्यम व्यवसायको लागि पालिकाले बढिमा १० लाख सम्म प्रोत्साहन रकम दिनेछ ।

१७८. खाँडादेवी पालिकाको उपयुक्त स्थान र काठमाण्डौ उपत्यकामा एक/एक कोशेलीघर सञ्चालन गरी खाँडादेवी पालिकाका उत्पादित बस्तुको प्रर्वद्धन र मूल्य अभिबृद्धि गरिनेछ ।

१७९. नियमित रुपमा बजार अनुगमन गरी मूल्य एकरुपता, बस्तुको गुणस्तरको सुनिश्चिता र स्थानीय उपजको उपयोगमा बृद्धि गरिनेछ ।

१८०. हरेक पसलमा मूल्य सूची राख्न लगाईनेछ । गुणस्तरहिन, म्याद गुज्रेको तथा बढी मूल्य लिई सामान बिक्री वितरण गर्ने उपर कानूनी कारवाही गरिने छ। यसको लागि चौमासिक रुपमा र ठुला चाडवाडमा बजार, उद्योग व्यवसायको अनुगमन प्रभावकारी रुपमा गरिने छ।

१८१. पशुपंक्षि बध गरी मासु प्रशोधन तथा निर्यात गर्ने उद्योग संचालन गर्न को लागि आवश्यक बधशाला निर्माण गरिनेछ । पशुपंक्षि बध गरी मासु बिक्री गर्ने पसललाई मासु सफा तथा स्वच्छ मासु बेच्नको लागि आवश्यक पर्ने सामग्री अनुदान सहयोग गरिनेछ ।

१८२. पालिकाभित्रको खानी, खनिजहरुको संभावता अध्ययन गरी उत्खन्नको संभावना देखिए योजनावद्ध रुपमा उत्खन्नको कार्य थालनी गरिनेछ ।

१८३. बालुवा, गिटी र ढुङ्गाको दीगो उत्खन्नको व्यवस्था मिलाइनेछ र सम्बन्धित वडाले उत्खन्न गरेको परिणामको रिपोर्ट हप्तामा अनिवार्य रुपमा गर्ने व्यवस्था मिलाइनेछ ।

१८४. औद्योगिकरणको लागि उद्यमशीलता विकास तालिम तथा बिउ पूँजिको व्यवस्था गरिनेछ ।

१८५. सार्वजनिक, नीजि, सहकारी तथा सामुदायिक साझेदारी सम्बन्धी कानूनको व्यवस्था गरी गाँउपालिकाभित्र औद्योगिक ग्राम स्थापना गरी रोजगारीको सृजना गरिनेछ ।

१८६. उद्योगहरुको व्यवस्थित र प्रर्दूषण कम हुने गरी सञ्चालन गर्ने व्यवस्था गरिनेछ ।

१८७. अनुत्पादक क्षेत्रमा गरिने लगानीलाई निरुत्साहीता गरिनेछ र उत्पादन क्षेत्रमा गरिने लगानीलाई प्रोत्साहन गरिनेछ ।

१८८. बैदेशिक रोजगारबाट फर्किएका, फरक क्षमता भएका ब्यक्ति तथा एकल महिला जो श्रम गर्न सक्ने छन् उनीहरुको लागि औद्योगिक ग्रामको स्थापना साथै खाने बस्ने सुबिधा सहितको रोजगारीको व्यवस्था गरिनेछ।

१८९. खाँडादेवी गाउँपालिकाभित्र सम्भाव्यता अध्ययन गरी उपयुक्त क्षेत्रमा ईट्टा उद्योग संचालन गर्न आवश्यक प्रबन्ध मिलाईनेछ ।

१९०. पर्यटन विकासको लागि पालिकाको मापदण्ड अनुसार होटेल व्यवसाय संचालन गर्ने फर्म वा कम्पनीलाई आर्थिक सहयोग गरिनेछ । होमस्टे संचालन गर्न आवश्यक सामग्री खरिद तथा तालिम संचालन गर्न अनुदान सहयोग उपलब्ध गराइनेछ।

१९१. नीजी क्षेत्रको लगानीमा पालिकाको साँस्कृतिक भौगोलिक, पर्यावरण र स्थानीय उत्पादन प्रबर्द्धनमा टेवा पुग्ने गरी होटेल सञ्चालन गरिनेछ ।

**आदरणीय गाउँसभा सदस्यज्यूहरु,**

१९२. विगतमा दर्ता भई हाल बन्द रहेका सहकारीहरुको चल अचल सम्पतिको अभिलेख राख्ने, नवीकरण गर्ने, एकिकरण गर्ने साथै हरेक वडामा एक सहकारी संस्था स्थापना तथा सञ्चालनमा जोड दिने नीति लिइनेछ।

१९३. कानून बमोजिम कृषि, वचत तथा ऋण, बहुउद्देयीय, पर्यटन र अन्य सहकारी संस्था दर्ता गर्ने प्रकृया अघि बढाइनेछ साथै सहकारी मार्फत सानो पूँजीलाई उत्पादनसंग जोडी रोजगारीको सृजना र गरिवी न्यूनिकरण गरिनेछ ।

१९४. महिला तथा कृषि सहकारी संस्थालाई अनुदान दिने नीतिलाई निरन्तरता दिइनेछ। महिला सहकारी तथा अन्य व्यापार व्यवसाय गर्नेलाई उपभोक्ता मार्फत सुपथ मूल्य पसल तथा पैचो पसल खोल्न प्रोत्साहन गरिनेछ ।

१९५. सहकारी शिक्षा तथा वित्तिय साक्षरता कार्यक्रम पालिकामा अभियानको रुपमा सञ्चालन गरिनेछ। राम्रो काम गर्ने सहकारीलाई प्रोत्साहन, निष्कृय रहेकालाई सकृय बनाउन सहयोग र अत्यन्तै निष्कृय सहकारीलाई आवश्यक प्रकृयाका आधारमा खारेज गर्ने नीति लिइनेछ ।

१९६. सदाचारयुक्त संस्कृति निर्माण गर्न पालिका तथा वडाहरुबाट प्रदान गरिने सेवा तथा विकास निर्माणका काममा अनिवार्य रुपामा सार्वजनिक सुनुवाई र सामाजिक लेखापरीक्षण गरिनेछ ।

१९७. आय र व्ययको स्थिति तत्काल जानकारी पाउन सुत्र प्रयोग गर्ने लेखाप्रणालीलाई व्यवस्थित गरिनेछ।

१९८. दुई लाख सम्मका योजनाहरुको सम्झौता, कार्यादिशा, अनुगमन, सिफारिस वडाबाट र सो भन्दा बढी पालिकाबाट गर्ने व्यवस्था मिलाइनेछ। सबै प्रकारका योजनाहरुको अनुगमन वडा तथा पालिकाले संयुक्त रुपमा गर्ने व्यवस्था मिलाइनेछ।

१९९. पालिकाभित्र कार्य गर्न आउने गै.स.स.ले अनुमति लिएर मात्र काम कार्वाही अगाडि बढाउने व्यवस्था मिलाइनेछ ।

२००. गै.स.स.हरुको कार्यमा दोहोरोपन आउन नदिन प्रभावकारी समन्वय र अनुगमन गरिनेछ ।

२०१. पालिकाको विभिन्न शाखामा कार्यरत कर्मचारीहरु मध्ये आवश्यक कर्मचारीहरु र जनप्रतिनिधिहरुमा वर्षमा एक पटक अन्य स्थानीय तह, सरकारी निकायबाट भएका विकास निर्माणको गतिविधि, सार्वजनिक सेवा प्रवाहको अवस्थाको अनुभव हासिल गर्न ७ (सात) दिनको अवलोकन भ्रमण गर्ने व्यवस्था गरिनेछ । एक महिना बरावरको पारिश्रमिक चालू खर्चबाट उपलब्ध गराइनेछ।

२०२. कर्मचारी र जनप्रतिनिधिहरुको क्षमता अभिवृद्धि गर्न तालिम तथा अभिमुखीकरण कार्यक्रम सञ्चालन गरी कार्यदक्षता बढाइनेछ। हरेक महिना पालिकाको उत्कृष्ट कर्मचारीलाई १० हजार रकम सहित सम्मान गरिनेछ । वर्षको सर्वोकृष्ठ ३ कर्मचारीलाई २० हजार रकम सहित सम्मान गरिनेछ ।

२०३. आगामी दिनमा विद्यालय, स्वास्थ्य, सहकारी संस्था तथा अन्य सरकारी निकायहरुको मूल्यांकन गरी उत्कृष्टलाई सम्मान गर्ने परम्परा बसालिनेछ।

२०४. पालिकाभित्र बसोबास गर्ने सार्वजनिक सेवाप्रति झुकाव राख्ने व्यक्तिहरुको लागि लोकसेवा तथा शिक्षक सेवा आयोगको तयारी कक्षा संचालन गर्ने व्यवस्था मिलाइनेछ।

२०५. पालिका, वडा, विद्यालयहरुमा आवश्यकता अनुसार विभिन्न संघ संस्था निजीक्षेत्रको सहकार्यमा पुस्तकालय स्थापना गरी संचालन गरिनेछ ।

**आदरणीय गाउँसभा सदस्यज्यूहरु,**

**<u>वन, वातावरण तथा विपद् व्यवस्थापन सम्बन्धी नीति</u>**

**वातावरण, प्राकृतिक प्रकोप तथा विपद् व्यवस्थापन सम्बन्धी**

२०६. स्वच्छ वातावरण हराभरा वन, प्रदुषणमुक्त खाँडादेवी अभियान संचालन गरिनेछ।

२०७. बाँझो, सुख्खाग्रस्त र बाढिपहिरो प्रभावित क्षेत्रमा साथै नदि किनारामा चरिचरण बन्द गरी हावापानी अनुसारको वृक्षारोपण हरियाली प्रर्वद्धन गरिनेछ ।

२०८. जङ्गलमा रहेका पुराना पोखरी पुनःर्निर्माण गरिनेछ । आवश्यक स्थानमा नयाँ पोखरी निर्माण गरी वर्षाको पानी संकलन गरी पुनःर्भरणको व्यवस्था मिलाइनेछ ।

२०९. भु-क्षय रोक्न सक्ने नेपियर, मोलासेस, मुलाटो, अम्रिसो जस्ता घाँसको खेतीका लागि उपभोक्ता समितिसँग सहकार्य गरी गरिनेछ ।

२१०. सामुदायिक, कवुलियती, धार्मिक तथा नीजि वनको अभिलेख खडा गरी वन अतिक्रमण हुन नदिन अनुगमन कार्यलाई प्रभावकारी वनाइनेछ।

२११. सामुदायिक वन उपभोक्ता समितिमा रहेका अति विपन्न परिवार तथा कवुलियती वन समूहका कृषकहरुलाई छनौट गरी आयआर्जनको कार्यक्रम संचालन गरिनेछ ।

२१२. **"बहुउपयोगी वनः खाँडादेवीको धन"** भन्ने नारालाई साकार बनाउन पालिकामा वन समूहहरु, संघ संस्थाहरु, सामूदायिक संस्थाहरुसंग र नीजी क्षेत्रसँग समन्वय र सहकार्य गरेर बहुउद्देश्यीय वातावरण सुहाउदो ३ लाख विरुवाहरु रोपी हुर्काउने र हरियाली प्रर्वद्धन गरिने कार्य अभियानको रुपमा संचालन गरिनेछ ।

२१३. मन्थली-गाल्वा सडक खण्ड र सित्खा-गोगनपानी-भोटनागी सडकको कालोपत्रे खण्डमा वृक्षारोपण गरिनेछ।निर्माण भएका सडकहरुको संरक्षण गर्न सडक किनारमा डाले, भुईंघाँस र फलफूल लगाउन जग्गा धनीलाई विरुवा उपलब्ध गराईनेछ।

२१४. गाउँपालिकाको उपयुक्त स्थान छनौट गरी Open gym पार्क तथा उद्यान निमार्ण गरिनेछ ।

२१५. वन विनाश तथा डढेलो नियन्त्रण सम्बन्धी जनचेतनामूलक कार्यक्रम संचालन गरिनेछ ।

२१६. जलाधार, वन्यजन्तु, खानी तथा खनिज पदार्थको संरक्षण गर्ने नीति अवलम्वन गरिनेछ ।

२१७. राष्ट्रिय वन, सामुदायिक वन, कवुलियत वन, निजी वनमा जडिबुटी खेती गर्न प्राथमिकता दिइनेछ। दिगो वन व्यवस्थापन गरी काष्ठ जन्य उद्यम सञ्चालन गरी राजश्व र रोजगारी बृद्धि गरिनेछ । पानीमुहान आसपासको क्षेत्रमा रहेका सल्ला प्रजातिहरुलाई बिस्थापित गरी चौडापाते प्रजातिहरु बृक्षारोपण गरिनेछ ।

२१८. जलवायू परिवर्तन न्युनीकरण, अनुकूलन र उत्थानशील कार्यक्रम लागू गरी नागरिकहरुमा जलवायू परिवर्तनको जोखिम घटाउने र कार्वन कोषमा पहुँच बढाउने गरी कार्यक्रम गरिनेछ।

२१९. पालिका तथा वडा स्तरीय सरसफाई अभियान संचालन गरी सफा, सुन्दर र सभ्य खाँडादेवीको पहिचान दिने नीति अवलम्बन गरिनेछ ।

२२०. "खाँडादेवी पालिकाः स्वच्छ, सुन्दर सभ्य पालिका" बनाउन सकेसम्म घरघरमा नै फोहर व्यवस्थापन गर्ने, फोहरको खण्डीकरण गरेर कुहिने फोहोरबाट जैविक मल बनाउने र सिसा, कागज, प्लाष्टिक र कवाडी धातुहरुलाई संकलन गरेर नजिकको पुनः प्रशोधन केन्द्र (Recycle Center) गर्ने स्थानसम्म लैजाने व्यवस्था मिलाइनेछ । स्वास्थ्य संस्थाहरुबाट निस्किने फोहोर, र केमिकलहरु उपयुक्त स्थानमा सुरक्षित तरीकाले विसर्जन गरिनेछ । सार्वजनिक स्थलमा फोहर गर्ने र फाल्ने व्यक्तिलाई जरिवाना गरिनेछ ।

२२१. संघ र बागमति प्रदेशको सहकार्यमा चोप्राङ्ग भटौली खोला र गोपीखोला उपजलाधार क्षेत्र योजना बनाई एकीकृत संरक्षण आयोजना कार्यन्वयन गरिनेछ ।

२२२. हावापानी, उचाई र भौगोलिक अवस्थालाई ध्यानमा राखी उपयुक्त प्रजातिका विरुवाहरु रोपण गरी संरक्षणको सुनिश्चिता सहित हरित सडक कायम गरिनेछ ।

२२३. विज्ञहरुबाट खाँडादेवी गाउँपालिकाको जैविक विविधताको रजिष्ट्रेशन (Biodiversity Registration) गरी सार्वजनिक गरिनेछ । लोपोन्मुख वनस्पति, बन्यजन्तु, भू-क्षय र कमजोर भू-धरातल भएको क्षेत्रको संरक्षणको लागि विज्ञको सुझावलाई ध्यानमा राखेर संरक्षण कार्य थालनी गरिनेछ । कृषिबाली हानीकारक जीवहरु बाँदर, दुम्सी, बदेल व्यवस्थापनका लागि वन तथा वातावरण मन्त्रालयसँग समन्वय र सहकार्य गरिनेछ ।

२२४. पालिकाको उचाई अनुसार ३ वटा उच्च प्रविधि युक्त कृषि वन नर्सरी स्थापना गरी प्रधानमन्त्री रोजगार कार्यक्रमसँग साझेदारी गरी नीजि, जग्गा, वन, सडक किनारा र सार्वजनिक जग्गामा बृक्षारोपण गरी संरक्षणको सुनिश्चिताको व्यवस्था मिलाइनेछ ।

२२५. पानीमुहान र सार्वजनिक भवनको आसपासमा शौचालय जोडने, ढल निकास तथा फोहरमैला विसर्जन गर्न निषेध र दण्डनीय बनाईनेछ ।

**आदरणीय गाउँसभा सदस्यज्यूहरु,**

**<u>सुशासन तथा संस्थागत विकास सम्बन्धी नीति</u>**

**प्रशासन, सेवा प्रवाह, कानूनी सहायता, राजश्व, आर्थिक प्रशासन तथा सुशासन सम्बन्धी**

२२६. प्रत्येक वर्ष नीति,कार्यक्रम तथा बजेटको समिक्षा गरिनेछ।

२२७. नीति तथा कार्यक्रम र बजेट तर्जुमा गर्दा बिषयगत समितिलाई सकृय बनाई समष्टिगत कार्यक्रम तर्जुमा गरी कार्यक्रमको अपनत्वमा वृद्धि गरिदै लगिनेछ।

२२८. संघ र प्रदेश सरकारबाट प्राप्त बजेट विषयगत क्षेत्र बमोजिम सन्तुलित रुपमा दक्षतापूर्वक बाँडफाँड गर्ने परिपाटी बसालिनेछ ।

२२९. योजना छनौट गर्दा आवधिक योजना, संघ र प्रदेशको मार्गदर्शन एवं विगतको अनुभव, वडाको माग, प्राथामिकता र नागरिकहरुको अपेक्षालाई मध्येनजर गरिनेछ ।

२३०. पचाँस लाख भन्दा बढीको योजनाहरुको यथासम्भव डि.पि.आर तयार गरी सोही आधारमा छनौट एवं कार्यन्वयन गरिनेछ ।

२३१. समपूरक कोषबाट सञ्चालन हुने कार्यक्रमलाई बहुबार्षिय बजेट विनियोजन गर्ने व्यवस्था मिलाईनेछ। यसले केन्द्र र प्रदेशबाट प्राप्त वजेट फिर्ता हुनबाट रोकिनेछ ।

२३२. उपभोक्ता समिति, गैरसरकारी संस्थाहरु र सहकारीबाट संचालन हुने योजनाको समयतालिका तयार गरी कार्यन्वयन गरिनेछ ।

२३३. उपभोक्ता समितिबाट कार्यान्वयन हुने आयोजना र कार्यक्रमहरुमा महिला, युवा, अपाङ्गता र समावेशिताको सुनिश्चिता गरिनेछ ।

२३४. उपभोक्ता समितिहरुलाई तालिम तथा गोष्ठीको माध्यमबाट क्षमता विकासको अवसर प्रदान गरिनेछ ।

२३५. योजनाको लागत इष्टिमेट, सम्झौता र कार्यदिश यथासम्भव प्रथम चौमासिक अवधिमा गरिनेछ। साथै हरेक आयोजनाको कार्यस्थलमा आयोजना सूचनापाटी अनिवार्य रुपमा राख्ने व्यवस्था गरिनेछ।

२३६. पालिकाबाट संचालन हुने योजनामा डोजर, एस्काभेटर, रोलर जस्ता ठूला मेशिनको प्रयोगलाई निरुत्साहित गरिनेछ । प्राविधिकको सिफारिसमा गाउँपालिकाको निर्णयानुसार मात्र हेभि इक्वीपमेन्टको प्रयोग गरिनेछ।

२३७. उपभोक्ता समितिको कार्यविधि पूर्ण कार्यान्वयन गरी स्रोतसाधनको दुरुपयोग हुनबाट रोक्न प्रभावकारी अनुगमन प्रणाली अवलम्बन गरिनेछ ।

२३८. उपभोक्ताहरुबाट कम्तिमा १० प्रतिशत योगदान भए नभएको एकिन गरिनेछ। उपभोक्ताहरुको वास्तविक श्रम तथा नगद योगदान नभएका योजनाहरु फछ्यौट गरिनेछैन।

२३९. अन्तर्राष्ट्रिय श्रमिक महिला दिवस, महिला स्वास्थ्य स्वयमसेवक दिवस, राष्ट्रिय बालदिवस, अन्तर्राष्ट्रिय युवा दिवस, राष्ट्रिय किसान दिवस र विश्व वातावरण दिवस लगायतका दिवसहरु विविध कार्यक्रम आयोजना गरि वडा र पालिकास्तरमा मनाइने छ ।

२४०. वर्षमा २ पटक अध्यक्षसँग जेष्ठ नागरिकको सम्बाद कार्यक्रम आयोजना गरी जेष्ठ नागरिकहरुको अनुभव आदान-प्रदान गर्ने र प्राप्त सुझावहरु अभिलेखिकरण गरिनेछ । ३ महिनाको एक पटक अध्यक्षसँग बालबालिका, अध्यक्षसँग युवा, अध्यक्षसँग महिला, अध्यक्षसँग किसान लगायतका कार्यक्रम नियमित रुपमा गरेर नागरिकसँग प्रत्यक्ष भेटघाट र गुनासो सुझावहरु संकलन गरेर समाधान गर्ने व्यवस्था मिलाइनेछ ।

२४१. वर्षमा १ पटक नागरिकता प्राप्त गरेका पालिकाका सबै नागरिकहरुको भेला गरी जिम्मेवार नागरिकको अधिकार, कर्तव्य र पालिकाबाट नागरिकले प्राप्त गर्ने सेवा सुविधाको बारेमा अभिमुखीकरण गरी विकासमा मुलप्रवाहीकरण गरिनेछ ।

२४२. आगामी वर्षदेखि गाउँपालिका सबै कार्यालयहरुमा एकीकृत कार्यालय व्यवस्थापन प्रणाली लागू गरी कागजको प्रयोग क्रमशः कम गरिनेछ ।

२४३. सार्वजनिक सेवा प्रवाहमा नागरिकको सरल र सहज पहुँच वृद्धि गर्न आधुनिक सूचना प्रविधिको प्रयोगमा वृद्धि गरिनेछ।

२४४. गाउँपालिकाको तथ्याङ्क अध्यावधिक गर्न डिजिटल डाटा संकलन गरिनेछ। वडा स्तरको धार्मिक, सास्कृतिक, भौगोलिक वृतचित्र निर्माण गरी डिजिटल मार्केटिङलाई तीव्रता दिइनेछ। ज्ञान प्रवर्धक तथा जनचेतनामूलक कार्यक्रम निर्माण तथा प्रसारण गर्न आवश्यक प्रबन्ध मिलाइनेछ। सार्वजनिक स्थानहरुमा आवश्यकता अनुसार सि.सि. क्यामरा जडानलाई निरन्तरता दिइनेछ । बजार क्षेत्र, सार्वजनिक क्षेत्र, सुरक्षाको दृष्टिकोणले सम्वेदनशील क्षेत्रमा सडक बत्तीको व्यवस्था गरिनेछ ।

२४५. धामी, झाक्री, पण्डित, लामाहरुसँग सहकार्यमा जनचेतनामूलक कार्यहरु गरिनेछ ।

२४६. गाउँपालिकाका गतिविधिहरु नागरिकमा पुऱ्याउन र सञ्चारमा जनताको पहुँच स्थापित गर्न पत्रकारहरुको क्षमता अभिबृद्धि र सञ्चार गृह, अनलाइन पत्रकारिता प्रर्वर्द्धनको लागि कार्यक्रमहरु सञ्चालन गरिनेछ । गाउँपालिकाको वेवसाइटलाई नियमित रुपमा अपडेट गरी पालिकाको सूचना प्रभावकारी रुपमा प्रवाहको व्यवस्था मिलाईनेछ ।

२४७. गाउँपालिका अन्तर्गतको सबै विद्यालयहरु, स्वास्थ्य चौकीहरु र वडा कार्यालयहरुमा निःशुल्क ईन्टरनेट सेवा निरन्तरता दिइनेछ । सामुदायिक विद्यालयहरुमा समान गुणस्तरको शिक्षा उपलबन्ध गराउन सूचना प्रविधिको प्रयोग गरिनेछ।

२४८. सूचना प्रविधिको सुरक्षित प्रयोगको लागि साईबर सुरक्षा प्रणाली लागू गर्दै डिजिटल साक्षरता कार्यक्रमलाई जोड दिनईनेछ । साईवर सुरक्षा सम्बन्धी अभिमुखिकरण तालिम विद्यालयर र समुदायस्तरमा दिईनेछ ।

२४९. वडाहरुमा संचालित योजनाहरुको समन्वय, सुपरिवेक्षण तथा अनुगमनमा पूर्णरुपमा वडालाई जिम्मेवार बनाइनेछ।

२५०. प्रदेश सरकारले हस्तान्तरण गर्ने र स्थानीय तहमा कार्यान्वयन हुने आयोजना तथा कार्यक्रमहरुको न्यूनतम सीमा तोकि बजेट विनियोजन गर्ने प्रणाली विकास गरिनेछ।

२५१. बैंक तथा सहकारी लगायत वित्तिय संस्थाहरुको Corporate Social Responsibility रकम पालिकासँग समन्वय र सहकार्य गरेर खर्च गर्नु पर्ने व्यवस्था गरिनेछ ।

२५२. पूर्व तयारी नभएका आयोजना तथा कार्यक्रममा बजेट छुट्याउने कार्यलाई निरुत्साहित गरिनेछ।

२५३. विनियोजित रकम सोहि शीर्षकमा खर्च गरिने अनिवार्य व्यवस्था गरिनेछ ।साथै योजनाहरुमा दोहोरो भुक्तानी नहुने हिसाबले संघ तथा प्रदेशसँग समन्वय र सहकार्य गरिनेछ ।

२५४. टुक्रे तथा छरिएका योजनाहरुमा रकम विनियोजन गर्ने कार्यलाई निरुत्साहित गरी एकिकृत योजनाहरु तर्जुमा गरिनेछ।

२५५. योजनासम्बन्धी सफ्टवेयरको प्रयोग गरी अभिलेखिकरण कार्यलाइ व्यबस्थित गरिनेछ।

२५६. खाँडादेवी गाउँपालिकाको आवधिक योजना (आ. व. २०७६/०७७-२०८०/०८१) को मध्यकालीन समीक्षा गरिनेछ ।

२५७. नयाँ कर्मचारी भर्नामा पालिकामा भएको जातजातिको जनसंख्याको आधारमा समानुपातिक र समावेशी नीति अबलम्बन गरिनेछ ।

२५८. आवश्यकताको आधारमा नगर प्रहरीको नियुक्ति गरी परिचालन गरिनेछ ।

२५९. **"हामी बनाउछौ हाम्रो खाँडादेवी गाउँपालिका"** संकल्प पूरा गर्न नागरिकको योगदानमा **"खाँडादेवी विकास कोष"** स्थापना गरी कार्यविधि बनाई क्रमिक रुपमा कार्यन्वयन गरिनेछ ।

२६०. पालिकाभित्र आवश्यक स्थानहरुमा होर्डिङ बोर्ड, डिजिटल बोर्ड, साइन पोष्टहरु राखिनेछ ।

२६१. पालिकाभित्र सञ्चालनमा रहेका यातायात संघ संस्था कम्पनीहरुसँग समन्वय र सहकार्य गरी बैज्ञानिक भाडा निर्धारण गरी सिट अनुसार यात्रु राख्ने व्यवस्था गरिनेछ । युनिफर्ममा रहेका विद्यार्थीहरुलाई सार्वजनिक विदा बाहेकका दिनमा अनिवार्य रुपमा सार्वजनिक यातायातमा सहुलियतमा यात्रा गर्ने व्यवस्था गरिनेछ ।

२६२. जन प्रतिनिधिहरु र कर्मचारीहरुको क्षमता अभिबृद्धिको लागि कम्प्युटर, सवारी चालक र अंग्रेजी भाषा लगायतका तालिमको व्यवस्था गरिनेछ ।

२६३. पालिकाको उपयुक्त स्थानमा तालिम केन्द्र र सभा हल निर्माण गरी सञ्चालन गरिनेछ । खाँडादेवी अध्ययन अनुसन्धान केन्द्र सञ्चालन गरी नवप्रर्वद्धनात्मक विचारहरुलाई प्रोत्साहन गरिनेछ ।

२६४. वडा र पालिकामा भएको कामको प्रगति र खर्चको विवरणको हरेक महिनाको अन्तिम दिन अनिवार्य रुपमा वेबसाइट र सूचनापाटीमा टाँस गरी सार्वजनिक गरिनेछ ।

२६५. हरेक तीन महिनामा पालिकामा भएका कामहरुको अनिवार्य रुपमा अनुगमन गर्ने र सो को प्रतिवेदन सार्वजनिक गरिनेछ ।

२६६. वर्षमा १ पटक पालिकाका विज्ञहरु, राजनीतिक दलका नेताहरु, पूर्व जनप्रतिनिधिहरुको भेला गरी प्राप्त सुझावहरुलाई यथाशक्य नीति, कार्यक्रम र बजेटमा समावेश गरिनेछ ।

२६७. हालको कर्मचारी दरबन्दीमा आवश्यक संख्या थप गरी आवश्यक शाखाहरु थप गरी पालिकाबाट नागरिकलाई दिइने सेवा प्रभावकारी बनाइनेछ ।

२६८. हरेक वडा कार्यालय र पालिका कार्यालयमा गुनासो र सुझाव पेटिका राखी नागरिकका गुनासो र सुझाव संकलन गरी हप्ता हप्तामा सो सुझाव गुनासो सम्बोधन गरिनेछ । सम्बोधन गर्न नसकिने सुझाव र गुनासाको कारण सहित सम्बन्धित व्यक्तिहरुलाई १ हप्ताभित्र जानकारी दिने व्यवस्था गरिनेछ ।

२६९. कार्य क्षेत्रमा हुने यौन हिंसाको शून्य सहनशिल्ताको नीति लागू गरिनेछ ।

२७०. सार्वजनिक स्थानमा धुम्रपान र मध्यपान निषेध गरिनेछ र लागूपदार्थ सेवनलाई नियन्त्रण गर्न प्रहरी प्रशासन प्रभावकारी कदम चालिनेछ ।

२७१. समुदायमा आधारित संस्थाहरुको (CBOs) दर्ता वडा अथवा पालिकामा गरी क्षमता अभिवृद्धि तथा विकास मूलप्रवाहिकरण गरिनेछ ।

२७२. दीगो विकास (२०१६-२०३०) लक्ष्य प्राप्ति हुने गरी भौतिक पूर्वाधार, सामाजिक, आर्थिक र सहभागितामूलक कार्यक्रम गरिनेछ ।

२७३. पालिका भित्रका संघसंस्थाहरु, सहकारी तथा वित्तिय संस्थाहरु र कम्पनी तथा उद्यमहरुको नियमन र व्यवस्थित गरिनेछ।

२७४. भ्रष्टाचार, अनियमितता र ढिलासुस्तिको शुन्य सहनशिलताको नीति अवलम्वन गरिनेछ।

**आदरणीय गाउँसभा सदस्यज्यूहरु**

२७५. न्यायिक समितिले मेलमिलाप केन्द्र संचालन र व्यवस्थापन गर्नेछ।पालिका तथा वस्तीस्तर र विद्यालयमामा न्याय सम्बन्धि जनचेतनामूलक र अभिमुखिकरण कार्यक्रमहरु संचालन गरिनेछ।

२७६. न्यायिक समितिका पदाधिकारी/मेलमिलाप कर्ताहरुको क्षमता अभिवृद्धि गरिनेछ ।

२७७. मेलमिलापकर्ताहरुलाई प्रदान गरिने प्रोत्साहनमा वृद्वी गरिनेछ ।

२७८. मेलमिलाप संयोजकहरुसँग मासिक रुपमा बैठक बसी प्रगतीको समिक्षा गर्दै उनीहरुले भोगेका समस्याहरु र उक्त समस्या समाधानका लागि सुझाव संकलन गर्ने कार्यक्रम राखिनेछ।

२७९. मेलमिलाप केन्द्रहरुको अनुगमन गर्ने कार्यलाइ प्रभावकारी बनाइनेछ ।उत्कृष्ट मेलमिलाप कर्तालाई सम्मान गरिनेछ ।

२८०. गरिबी, असहाय तथा पिछडिएका व्यक्तिहरुका लागि निःशुल्क कानुनी परामर्श तथा सहयोग उपलब्ध गराईनेछ।

२८१. पालिकामा सबै खाले भेदभाव र विकृतिहरुको अन्त्य गरिनेछ । सो को लागि भएका पालिकाका कानूनी प्रावधानहरु आवश्यकता अनुसार संशोधन गरिनेछ ।

**आदरणीय गाउँसभा सदस्यज्यूहरु,**

२८२. गाउँपालिकाको कर प्रशासनलाई करदातामैत्री बनाउन सोसँग सम्बन्धित क्षेत्रसँग आवश्यक समन्वय गरी करदाता कार्यक्रम सञ्चालन गरिनेछ।

२८३. चालु आ.व २०७९/०८० देखि घरबहाल कर संकलन कार्यलाई अझ सक्रिय रुपमा अघि बढाईनेछ।

२८४. व्यवसायिक करको दायरा बढाउन उद्योग वाणिज्य संघसँग सहकार्य गरिनेछ।

२८५. गाउँपालिका क्षेत्रको राजश्व चुहावटलाई नियन्त्रण गर्नको लागि अनुगमन टोली गठन गरी व्यापार व्यवसायहरु दर्ता भए/नभएको अनुगमन गरी करको दायरामा ल्याउने नीति लिइनेछ।

२८६. विगतको राजश्व वृद्धिदर र तथ्यांकीय आधार अनुसार कर उठ्ने नयाँ तथा पूराना शीर्षकहरुमा संशोधन गरिनेछ।

२८७. स्रोत अनुमान तथा सिमा निर्धारण राजश्व अनुमान तथा प्रक्षेपणका आधारमा गरिनेछ।

२८८. वार्षिक तथा आवधिक राजश्वका स्रोतहरुको अनुमान प्रक्षेपणमा आधारित हुनेछ।

२८९. करको दायरा विस्तार गरी आन्तरिक राजश्वमा वृद्धि गरी ५वर्ष भित्र पालिकाको संचालन खर्च मा आत्मनिर्भर वनाउने नीति अवलम्वन गरिनेछ ।

२९०. कर दाताहरुलाई समयमै कर तिर्न प्रोत्साहित गरिनेछ । सवैभन्दा बढि कर रकम बुझाउने कर दातालाई सम्मान गरिनेछ ।सवैभन्दा बढि राजश्व संकलन गर्ने कर्मचारीलाई प्रोत्साहन सहित सम्मान गरिनेछ ।

२९१. वस्तु वा सेवा कर वृद्धि गर्नका निम्ति आवश्यक सुविधाहरुको व्यवस्था गरिनेछ ।

२९२. जेनेरेटर, कवाडी कर, बुद्धचित्त माला निकासी दस्तुर, सभाहल प्रयोग गरेबापत शुल्क आदि ईत्यादिमा लगाईने शुल्कमा परिमार्जन गरिनेछ ।

२९३. खर्च गर्ने अख्तियारी र खर्चको कार्यविधि स्थानीय सरकार संचालन ऐन एवं प्रचलित आर्थिक ऐन नियम बमोजिम गरिनेछ ।

२९४. राजश्व प्रशासनसँग सम्बन्धित क्षमता विकास तालिम सञ्चालन गरिनेछ। साथै वडा समितिलाई आवश्यकताको आधारमा क्षमता विकासका कार्यक्रम संचालन गरिनेछ।

२९५. गिट्टी, बालुवा, ढुंगाको पकेट क्षेत्र निर्धारण गरी समयमै बोलपत्र आह्वान गरी आन्तरिक कर संकलन गरिनेछ ।

२९६. पालिकाको प्रत्येक महिनाको आय व्ययको खर्च सार्वजनिक गर्ने परिपाटी बसालिनेछ ।

२९७. पालिकाले हप्ताभरिमा गरेको कार्यको संक्षिप्त विवरण एफ. एम. मार्फत प्रशारण गरी पारदर्शिता प्रबर्द्धन गरिनेछ ।

२९८. विभिन्न कार्यक्रमहरुमा खादाको प्रयोगलाइ निरुत्साहित गरी स्थानीय उत्पादनलाई प्रोत्साहन गर्ने नीति लिइनेछ ।

२९९. पालिकाका नवप्रर्वद्धनको कार्य गर्ने उत्कृष्ट कृषक, उद्यमी, शिक्षा र वातावरण संरक्षणमा योगदान गर्ने, विपदमा योगदान गर्ने र समाजसेवा गर्ने व्यक्ति, कम्पनी वा संस्थाहरुलाई विशेष कार्यक्रम आयोजना गरि पुरस्कृत गरिनेछ ।

**आदरणीय गाउँसभा सदस्यज्यूहरु,**

**<u>पूर्वाधार विकास समिति सम्बन्धी नीति</u>**

**सूचना तथा सञ्चार प्रविधि, सिंचाई, उर्जा, खानेपानी तथा पूर्वाधार निर्माण सम्बन्धी**

३००. गाउँपालिकाबाट प्रत्येक वडाको एक मुख्य सडकको गाउँ यातायात गुरुयोजना अन्तर्गत डि.पि.आर. तयार भएका सडकहरुको स्तरोन्नतीको लागि निरन्तरता दिइनेछ। पालिका भित्र निर्माण भएका सडकहरु यथाशक्य चाडो मर्मत गरि सबै मौसमहरुमा यातायात संचालन गरिने नीति अवलम्बन गरिनेछ।

३०१. संघ, प्रदेश, पालिका र विकास साझेदारहरु बीच लागत साझेदारीमा आयोजनाहरु संचालन गर्ने नीतिलाई निरन्तरता दिइनेछ।

३०२. पालिका भवन, क्यानटीन, कर्मचारी तथा अतिथी आवास, पशुपंक्षि तथा कृषि भवन, स्वास्थ्य केन्द्र भवन, सामुदायिक भवन, ड्राइभिङ सेन्टर, पार्किङ स्थल, मिनरल वाटर फ्याक्ट्री तथा भवन नभएका वडा कार्यालयहरुको भवन निर्माण गरिनेछ साथै यसका लागि केन्द्र, प्रदेश, गाउँपालिकाको समपूरक कोषको उपयोग गरिनेछ।

३०३. पालिकाको भौतिक पूर्वाधारलाई प्रविधिमैत्री, वालमैत्री, वातावरणमैत्री तथा अपांङ्गमैत्री सहित विकास र विस्तार गर्दै लगिनेछ ।

३०४. छरिएर रहेका अति विकट र बाढि पहिरोको जोखिम स्थानमा बसेका घरधुरीहरुलाई उपयुक्त स्थानमा स्थानान्तरण गरिनेछ । यसको लागि पालिकाले एकीकृत आवास कार्यक्रम लागू गर्नेछ।

३०५. **सडक मर्मत कोष** स्थापना गरी तत्कालै सडक मर्मत गरी सुचारु गर्न, आवश्यक सडक मर्मत गर्नका लागि आकस्मिक रुपमा खर्च गर्न सकिने व्यवस्था गरिनेछ ।

३०६. बहुबर्षिय ठेक्कामार्फत पालिकास्तरिय १५ बेड अस्पताल निर्माण भईरहेको हुँदा निर्माण सम्पन्न गरि गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गरिनेछ।

३०७. कार्यालय संचालनका लागि स्थायी भवन निर्माणको लागि आवश्यक बजेट व्यवस्थाको लागि सङ्घीय सरकारलाई अनुरोध गरिनेछ।

३०८. निर्माण सम्पन्न भएका वडा कार्यालय भवनको संरक्षण र सम्वर्द्धन गर्दै आवश्यक स्तरोन्नती गर्ने र पालिका कार्यालयबाट वडा कार्यालय सम्मको पहुचँ स्थापित गर्ने सडकलाई क्रमशः कालोपत्रे गर्न आवश्यक प्रवन्ध मिलाइनेछ।

३०९. स्वास्थ्य, कृषि तथा अन्य सार्वजनिक कार्यालयहरुको मर्मत सुधार गरिनेछ।

३१०. समय सिमाभित्र उत्कृष्ट कार्य गरी कार्य सम्पन्न गर्ने उपभोक्ता समितिलाई पुरस्कृत गरिनेछ।

३११. सुकुम्वासीलाई जग्गा धनि प्रमाणपुर्जा, परिचयपत्र वितरण गरिने प्रबन्ध मिलाइनेछ साथै भुमिहिनको लागि आवास निर्माण गर्ने नीति लिइनेछ।

३१२. खाँडादेवी गाउँपालिका कार्यालय परिसरमा रहेको खानेपानी ट्याँङ्कीबाट व्यवस्थीत रुपमा धारा वितरण गर्नुका साथै संकलित पानी अभावग्रस्त क्षेत्रमा वितरण गरिनेछ।

३१३. आकाशे पानी संकलन तथा रिजर्भ ट्याङ्की निर्माणलाई निरन्तरता दिइनेछ। सफा स्वच्छ र सुरक्षित पिउने पानीको प्रत्याभुति गरिनेछ ।

३१४. स्थानीय भू-उपयोग निति बनाई Land Pulling प्रणालीबाट भूमी बैंकको स्थापना गरी एकिकृत भू-उपयोग कार्यक्रम अगाडि बढाइनेछ ।

३१५. भवन निर्माण आचारसंहिता बनाई कार्यन्वयन गरिनेछ र निर्माण भएका सम्पूर्ण घरहरुको नम्बर राख्ने प्रबन्ध गरिने छ र परिवार संख्याको प्रोफाइल सफ्टवेयरमा अभिलेखीकरण गरिनेछ ।

३१६. सडकको लागत इष्टिमेट तयार गर्दा यथासम्भव ढल सहितको इष्टिमेट तयार गरिनेछ ।

३१७. MTMP (Municipality Transport Master Plan) तयार गरी कार्यान्ययन गर्नुका साथै आवश्यकताको आधारमा नयाँ ट्र्याक ओपन गरिनेछ।

३१८. साना जलविद्युत आयोजना तथा वैकल्पिक उर्जाको सम्भाव्यता अध्ययन गरी आवश्यक कार्य अगाडी बढाइनेछ ।

३१९. एक घर एक धारा अभियानलाई निरन्तरता दिदै वडा न.१ लाई एक घर एक धारा मैत्री वडा घोषणा गरिनेछ साथै आवश्यक पूर्वाधारमा लगानी क्रमशः अन्य वडा लाई पनि एक घर एक धारा मैत्री वडा घोषणा गरिनेछ।

३२०. खानेपानी प्रभावित क्षेत्रमा क्षतिपूर्ति बापत प्राथमिकताका आधारमा थप आयोजनाहरु संचालन गरिनेछ।

३२१. पानीमुहानको पहिचान गरी बृक्षारोपण, घेराबार, बर्षाको पानी संकलन पोखरी निर्माण गरी संरक्षणको व्यवस्था मिलाइनेछ । सबै खानेपानी उपभोक्ता समितिहरुले अनिवार्य रुपमा खानेपानी मुहान दर्ता र महिनामा २ पटक पानी मुहानको अनुगमन र आवश्यक मर्मत र

सरसफाई गर्ने व्यवस्था मिलाईनेछ र खानेपानीको महसुलमा आवश्यक परिमार्जन गरिनेछ । अति विपन्न घरधुरी परिवारलाई खानेपानी निःशुल्क दिइनेछ ।

३२२. पाईपको खानेपानी नपुगेको बस्तिहरुमा प्राथमिकता साथ पाईप खानेपानी व्यवस्था गरिनेछ र पोलिथिन पाईप अनिवार्यरुपमा जमिनमा गाडेर लैजानुपर्ने व्यवस्था गरिनेछ । बाढीपहिरो र आगोलागीको कारण पाईप लाइन तथा खानेपानी आपूर्ति अबरुद्ध भएमा तत्कालै विपद् व्यवस्थापन कोषबाट संरचनाहरुको पुन निर्माण तथा मर्मत गरि खानेपानी आपूर्ति नियमित गरिनेछ ।

३२३. पालिकामा बन्ने सबै नयाँ भौतिक संरचनाहरु बालमैत्री, अपाङ्ग मैत्री र जेष्ठ नागरिक मैत्री हुने गरी निर्माण गरिनेछ र भौतिक संरचनाहरुको संरक्षण र प्रभावकारी सञ्चालनको व्यवस्था मिलाइनेछ ।

३२४. संभावित साहसिक पर्यटन स्थल, पर्यटकीय पदमार्ग, पहिचान र संभाव्यता अध्ययन गरी आवश्यक भौतिक पूर्वाधार निर्माण गरी सञ्चालन गरिनेछ ।

३२५. पालिकाको मन्थली-खाँडादेवी-गाल्वा सडक खण्ड र पुष्पलाल लोकमार्गको कोरिडोरमा आधुनिक शहर निर्माणको संभाव्यता अध्ययन डिपिआर प्राथमिकताकासाथ गरिनेछ । खाँडादेवी गाउँपालिकालाई आगामी वर्षमा नगरपालिका बनाउन प्रक्रिया अगाडि बढाइनेछ ।

३२६. विद्युत् नपुगेका बस्ति वा घरधुरीमा विद्युत् लाईन जडान गरी प्राथमिकता साथ विद्युत् आपूर्ति गरिनेछ ।

३२७. शौचालय नभएका घरधुरीहरुमा तत्कालै शौचालय निर्माण लागि प्राथमिकता दिइनेछ ।

३२८. पालिका क्षेत्र भरी LPG ग्यास र सिलिन्डर आपूर्तिमा सहज गर्न व्यवसायी तथा सहकारी संग सहकार्य गरिनेछ ।

३२९. पालिका भरी डिजेल, प्रेट्रोल र मट्टितेलको मूल्य समान कायम गरिनेछ ।

३३०. सौर्य उर्जा जडान र लघुजलविद्युत् आयोजना निर्माणको लागि नीजि क्षेत्रसँग समन्वय गरिनेछ।

३३१. नीजि तथा सरकारी वनजङ्गलबाट उत्पादन भई स्थानीय उपयोगबाट बाँकी रहेको दाउराको उपयोग तथा निर्यात गरी आय आर्जनमा बृद्धि गरिनेछ ।

३३२. भौतिक संरचना निर्माण हुँदा काटिएका रुखहरुको दोब्बर संख्यामा वृक्षारोपन गरिने व्यवस्था मिलाईनेछ र आयोजनाको कूल लागतको १ देखि ३ प्रतिशत रकम वातावरण संरक्षणमा खर्च गरिनेछ ।

३३३. सार्वजनिक यातायात गुड्ने सडक खण्डहरुमा आवश्यकता अनुसार प्रतिक्षालय, पार्किङ्ग, वर्कसप, शौचालय र होटेल वा चिया पसलको संचालन गर्न व्यक्ति वा नीजिक्षेत्रलाई प्रोत्साहन गरिनेछ।

**आदरणीय गाउँसभा सदस्य ज्यूहरु,**

३३४. पालिकाभित्र उत्पादन र उत्पादकत्व वृद्धि, गुणस्तरीय जनशक्तिको परिचालन र रोजगारी सृजनामार्फत समाजमा विद्यमान गरिबी र असमानताहरुलाई न्यूनीकरण गर्दै सामाजिक न्यायसहितको आर्थिक समृद्धि हाँसिल गर्न यो नीति तथा कार्यक्रम सहयोगी हुने विश्वास लिएकोछु।

३३५. यो नीति तथा कार्यक्रमको सफल कार्यान्वयको निम्ति सङ्घीय सरकार, प्रदेश सरकार र सरोकारवाला सबैका सक्रिय सहभागिता र सहयोगको अपेक्षा गरेको छु।

**अन्त्यमा, पालिकाको समग्र विकासमा योगदान पुऱ्याउनुहुने जनप्रतिनिधि, राष्ट्रसेवक कर्मचारी लगायत सरोकारवाला सबैमा हार्दिक धन्यवाद दिन चाहन्छु ।**